महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## विजयनगर गाउँपालिका, कपिलवस्तु

## ८०५४९५०३३००

## विजयनगर गाउँपालिका , कपिलबस्तु

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-१०-१४

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
विजयनगर गाउँपालिका, कपिलवस्तु ,
विजयनगर गाउँपालिका , कपिलबस्तु

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को विनियोजन/ राजस्व/ धरौटी/ अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी लेखापरीक्षण बहिर्गमन बैठकमा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा देहायको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा सोही कानूनमा व्यवस्था भए बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

यज्ञ प्रसाद वस्ती
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रकको कार्यालय
कपिलवस्तु,
kapilvastu.dtco@fcgo.gov.np

# परिचय

१ .

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा ३९ सभा सदस्य रहेको छ भने क्षेत्रफल १७.१९ वर्ग किलोमिटर तथा ४३९४५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२ देखि २०८०।९।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ९१४५३५२७६, को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १४०९३०।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| | | |
|---|---|---|
| यज्ञ प्रसाद अधिकारी | पारिश्रमिक कर | ९२७५ |
| इन्द्र प्रसाद भण्डारी | पारिश्रमिक कर | ८५२५ |
| शिक्षकको | कर | ४०६७८ |
| पालिका संचितकोषमा विद्यालयको | बहालकर | ७००० |
| संघिय संचितकोषमा विद्यालयको | पारिश्रमिक कर, अग्रिम आयकर र बेरुजु दाखिला | ७५४४३ |
| | | १४०९३० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **प्राकृतिक स्रोतको रोयल्टी**

**प्राकृतिक स्रोतको रोयल्टी:**÷ ढुगां गिट्टी बालुवा उत्खन्न बिक्री तथा व्यवस्थापन कार्यबिधी २०७७ को बुदा १४ अनुसार स्थानीयतहवाट संकलित प्राकृतिक स्रोतको बिक्रीवापत प्राप्त रोयल्टी रकम ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सञ्चितको पठाउनु पर्ने व्यवस्था रहेको छ भने स्थानीय सरकार संचालन ऐन २०७४ प्रथम संसोधन दफ़ा ६२ क मा यस्तो रकम स्थानीय सञचितकोषमा राखिने व्यवस्था गरेको छ ।पालिकाले यस बर्ष ढुङ्गा गिट्टी बालुवा प्राकृतिक स्रोत विक्रीवाट प्राप्त रकम रु ११७६३३०६ प्रदेश सञ्चितकोषमा नपठाई पालिका सञ्चितकोषमा राखेको छ । कानुनमा एकरुपता कायम गरी रोयल्टी संकलन र परिचालन हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु २,२५,७०,७८२, यस वर्षको प्राप्ति रु-३०,४९,००,७३८ यस वर्षको भुक्तानी रु २८,२३,२९,९५५ र बैङ्क मौज्दात रु१८,००,००१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ५,२९,९६,५७५ | ५७,९२,०८,७४५ | ५९,४०,७६,६२९.०० | ३,८१,२८,६९१ |
| एकीकृत आर्थिक विवरणअनुसार | 30425793 | ८८४१०९४८३ | ८७६४०६५८४ | ३६३२८६९० |
| फरक | २,२५,७०,७८२ | -३०,४९,००,७३८ | -२८,२३,२९,९५५ | १८,००,००१ |

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ४,४७,०८,१२८ मौज्दात रहेकोमा यो वर्ष रु. 30425793 जिम्मेवारी सारेको छ ।पालिकाले संचितकोष बाहेक धरौटी अन्यकोषको मौज्दात रकम छुट्टै जिम्मेवारी सारेको कारण फरक परेको जनाएको छ । तर पालिकाको कोष तथा धरौटी जिम्मेवारी रु १,३७,८२,३३४.३२ सारेको देखिएकोले कुल जिम्मेवारी सारेको रकम रु ४४२०८१२७ हुन आउछ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.. ५००००१ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु...

| प्रमाण पेश नगरेको | ५,००,००१ |
|---|---|

५ **अन्यवहाल कर**:÷नेपालसरकार एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या २०७४ को खण्ड २ राजश्व संकेत तथा बर्गिकरण र व्याख्या अनुसार राजश्व संकेत न ११९३१ अनुसार सवारी साधन वा अन्य अचल सम्पती वहाल वा पट्टामा दिए वापत प्राप्त हुने आयमा लाग्ने कर संघीय सरकारको तहमा प्रयोग हुने व्यवस्था छ । पालिकाले योजनाहरुको भुक्तानी गर्दा डोजर एक्जाभेटर तथा अन्य ढुवानीका साधन वहालमा प्रयोग गरी सो वापत कट्टा भएको अन्य वहालकर रु ८९२६३६ स्थानीय सञ्चितकोष दाखिला गरेको पाईएकोले संघिय सञ्चितकोष दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ५.१ | पालिका कार्यालय | ८,९२,६३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९२,६३६ |

६ **संघिय तथा प्रदेश समपुरक योजना रकम फिर्ता सम्बन्धमा** : अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धि व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानिय तहलाइ प्राप्त हुने अनुदान रकम मध्ये समपुरक,सशर्त,बिशेष अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभइ मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचितकोषमा फिर्ता गर्नुपर्दछ । समपुरक अनुदान सम्बन्धि कार्यबिधि,२०७७ को दफा ६(१) मा नेपाल सरकारले छनौट गरेका कार्यक्रम कार्यान्वयनको लागि कार्यक्रमको उपलब्धि र दिगोपनाको आधारमा स्थानीय तहलाइ कुल लागतको अधिकतम ५० प्रतिशत रकम अनुदान प्रदान गर्न सक्ने व्यवस्था रहेको छ । पालिकामा संघिय सरकार र प्रदेश सरकारबाट समपुरक योजनाहरुको लागि प्राप्त भएको बजेट रकम र पालिकाको ५० प्रतिशतको दरले बराबर रकम सोहि आर्थिक बर्षमा खर्च गरि भुक्तानि गर्नुपर्नेमा देहाय अनुसार पालिकाको भन्दा संघिय र प्रदेश सरकारबाट प्राप्त बजेट बढि खर्च गरेको रु.११२७९२८०।०० सम्बन्धित संचितकोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु......

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ६.१ | पालिका कार्यालय | १,१२,७९,२८० |

**(विस्तृत विवरण बेरूजु दफा ६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१२,७९,२८० |

७ **स्थानीयकोषहरु** स्थानीय तहले पेश गरेको कोषहरुको कारोवारलाई शुत्रमा आवद्ध गरी अद्यावधिक भई हिसाव मिलान भएको पाईयो । यस स्थानीयतहको सुत्र विवरण अनुसार रहेका कोषहरुको आम्दानी खर्चको विवरण निम्ना अनुसार रहेको छ ।

| कोष वा श्रोत | शुरु मौज्दात | यो वर्ष थप | जम्मा | यो वर्षको भुक्तानी | | बाकी |
|---|---|---|---|---|---|---|
| | | | | फिर्ता / खर्च | सदरस्याहा | |
| धरौटी | १,१४,६३,२१९.०० | १,३३,८६,४६८.२५ | २,४८,४९,६८७.२५ | ७८,१२,३९९.२५ | ० | १,७०,३७,२८८.०० |
| कोष | | | | | | |
| प्रकोप व्यवस्थापन कोष | ११,२४,६५७.३२ | ० | ११,२४,६५७.३२ | ५,०९,४४३.०० | ० | ६,१५,२१४.३२ |
| कर्मचारी कल्याण कोष | ० | ५,००,०००.०० | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ११,९४,४५८.०० | ९१,६९,३८९.४४ | १,०३,६३,८४७.४४ | १,०१,५७,४३९.४४ | ० | २,०६,४०८.०० |
| जम्मा | २३,१९,११५.३२ | ९६,६९,३८९.४४ | १,१९,८८,५०४.७६ | १,०६,६६,८८२.४४ | | १३,२१,६२२.३२ |
| कुल जम्मा | १,३७,८२,३३४.३२ | २,३०,५५,८५७.६९ | ३,६८,३८,१९२.०१ | १,८४,७९,२८१.६९ | | १,८३,५८,९१०.३२ |

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । लोकसेवा आयोग कार्यालयमा आन्तरिक लेखापरीक्षकको माग भएकोमा पदपुर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयको भनाई रहेको छ । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **धरौटी फिर्ता:**÷सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा रिटेन्सन मनी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयवाट जारी मुल्य अभिवृद्धिकर समायोजन र करचुक्ता प्रमाण आधारमा फिर्ता गर्नु पर्नेमा कार्यालयले निम्नाअनुसार रिटेन्सन मनि रु फिर्ता गर्दा मुल्य अभिवृद्धिकर समायोजन पत्र संलग्न नगरी फिर्ता गरेको तथा मुल्य अभिबृद्धीकर समायोजन पत्र संलग्न गरेका निर्माण व्यवसायीहरुले घटि कारोवार समावेश गरी पेश गरेको समायोजनको तुलानामा बढी धरौटी फिर्ता लिएको पाईयो ।अत समायोजन प्रमाण पेश नभएको व्यवसायीको समायोजन पत्र पेश हुनु पर्ने तथा घटी कारोवार पेश गरी मुल्यअभिवृद्धिकर समायोजन पत्रको आधारमा धरौटी फिर्ता लैजाने व्यवसायीहरुको कारोवार सम्बन्धमा सम्बन्धित आन्तरिक राजश्व कार्यालय मार्फत अवस्था यकिन गरि थप रकमको समायोजन पत्र पेश हुनु पर्ने रु

| क्र.सं. | गो.भौ.नं. | फिर्ता पाउने | मु अ कर समायोजन बेगर फिर्ता रकम |
|---|---|---|---|
| १ | ८।७९।०६।०६ | शिवम कन्ट्रक्सन | २५७६६६ |
| २ | १४।७९।२३ | देउराली इन्जिनरिङ्ग ली. | ६९००० |
| ३ | १५।७९।७।२३ | बि.श्री. विल्र्डस | १३२१४९ |
| | | | ४८५८१५ |

| क्र.सं. | गो.भौ.नं. | फिर्ता पाउने | फिर्ता रकम | समायोजन गरेको कारोबार रकम | कारोवार रकम का आधर फिर्ता गर्नु पर्ने | वढि फिर्ता |
|---|---|---|---|---|---|---|
| १ | ३६।७९।११।२५ | इशा निर्माण सेवा | ४१६६५५ | ५७६०६७० | २८८०३३ | १२८६२१ |
| २ | ३७।७९।११।२५ | एम.एस. डेल्मलेपर्स | ३२३४८८ | ४३६९५३२ | २१८४७६ | १०५०११ |
| ३ | ४३।७९।१२।१२ | एम.एस. डेल्मलेपर्स | ८८५१४९ | ११३०१३६५ | ५६५०६८ | ३२००८० |
| | | | | | | ५५३७१२ |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ९.१ | इशा निर्माण सेवा | १,२८,६२१ |
| ९.२ | एम.एस. डेल्मलेपर्स | १,०५,०११ |
| ९.३ | एम.एस. डेल्मलेपर्स | ३,२०,०८० |
| ९.४ | शिवम कन्ट्रक्सन | २,५७,६६६ |
| ९.५ | देउराली इन्जिनरिङ्ग ली. | ६९,००० |
| ९.६ | बि.श्री. विल्र्डस | १,३२,१४९ |

| प्रमाण पेश नगरेको | १०,१२,५२७ |
|---|---|

## १० परीपालनाको लेखापरीक्षण

**१ आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

**२ बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेता पनि समितिले ऐनको व्यवस्था अनूरुप प्रभावकारी कार्य सम्पादन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**३ बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**४ बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१५ मा रु. 56 करोड 75 लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२९.मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

**५ जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

**५.१ जिन्सी प्रविष्ठी सम्बन्धमा** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ अनुसार कार्यालयले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल सम्पतीको तथा मालसामानको लेखा खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था रहेको छ । यसरी लेखा राख्दा एकपटक प्रयोग भइसकेपछि पुन: प्रयोगमा आउन नसक्ने वा प्रति एकाइ पाँच हजार रुपैयाँसम्म पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने र एक वर्षभन्दा वढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले PUBLIC ASSETS MANAGEMENT SYSTEM (PAMS) बाट जिन्सी मालसामानको व्यवस्थापन गरेको भएतापनि परिक्षण गर्दा कतिपय खर्च भएर नजाने जिन्सी मालसामनहरु कार्यालयभित्रकै कर्मचारीहरु, विभिन्न कार्यगत शाखा, वडा

कार्यालय लगायत कार्यालय मातहात भित्र प्रयोगको निमित्त सामान दिंदा जिन्सी सहायक खाता (मलेप फारम नम्बर ४१२ मा) प्रविष्टि गरि सामान बुझाउनुपर्नेमा मलेप फारम नम्बर ४०६ (हस्तान्नतरण फारम) प्रयोग गरि कार्यालयको मौज्दातबाट घटाउने गरेको पाईयो । यसरि कार्यालय मातहातमै रहने सामानहरु खर्च जनाई मौज्दातबाट घटाएका देहायबमोजिमका सामानहरु लेखापरीक्षणको समयमा पुन: प्रारम्भिक प्रविष्टि गरि आम्दानी जनाएको छ । विस्तृत विवरण अनुसुचीमा रहेको छ ।

**५.२ जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । कार्यालयले गत विगत वर्षको मौज्दात रहेका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । खर्च भएर नजाने जिन्सी सामान खर्च भएर जाने खातामा प्रविष्ट गरेको,शाखागत हस्तान्तरणलाई खर्च जनाई मौद्‌जात घटाएको ,अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• साहायक जिन्सी खाता राखेको छैन । जसले गर्दा खर्च भएर नजाने सामान समेत पदाधिकारी कर्मचारीले कार्यालय छोडेको अवस्थामा फिर्ता नआउर्ने जोखिम रहेको छ ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

**६ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आफुर मातहतका निकायमा सार्वजनिक सम्पत्तिको एकिकृत विवरण तयार गरेको छैन ।ऐनको पालना गरी एकिकृत विवरण तयार गर्नु पर्दछ ।

**७ सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले सहकारी सम्बन्धी विवरण अध्यावधिक गरी अभिलेख राखेको पाईएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

**८ योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडा तथा पालिकास्तरका कुल २४१योजनामा वजेट विनियोजन गरेको छ।

| **रु १ लाख सम्म** | **रु १ लाख देखि २ लाखसम्म** | **रु २ लाखदेखि ५ लाखसम्मका** | **रु ५लाख देखि १० लाखसम्मका** | **रु १०-50 लाख सम्म** | **50 लाख भन्दा बढी** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| ९ | २४ | १०२ | ५७ | ३७ | १२ | २४१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।पालिकाले आर्थिक सामाजिक पुर्वाधार विकासमा योगदान पुर्याउने ठुला योजना छनौट र संचालन गर्नु पर्दछ ।

**९ लक्ष्य प्रगति** : कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलांइ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | सम्पन्न |
| कार्यक्रम संख्या | २४१ | ३ | २० | १० | ३ | २०५ |

**(विस्तृत विवरण बेरूजु दफा १० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

११ **कानुन संचालन र न्यायिक समिती**

**१ कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, २४ कार्यविधि, निर्देशिका ७,मापदण्ड ४ र अन्य १२ लगायत ७० वटा कानुन निर्माण गरी कार्यान्यिनमा रहेका छन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

**२ न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको ६२ गरी कुल ७२ विवाद दर्ता भएकोमा .५७ वटा मात्र फर्स्यौट भई १५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **अबण्डा बजेट**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीयको आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक तथा छिटेप्रतिफल प्राप्त गर्न सकिने जन्तको जीवस्तर आम्दानी र रोजगार समेत बढने खालका माध्यम दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सुची समेत तयार गरी सोही आधारमा बजेट तथा कार्यक्रमकी प्राथमिकीकरणका आधारमा तयार गरी श्रोत अनुगमन तथा सिमा निर्धारण आधारमा अवण्डा नराखि आयव्यय अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले देहाय अनुसार रु १ करोड ३ लाख बजेट अवण्डामा राखेको छ । उक्त अवण्डा रकम अध्यक्षको तोक आदेश तथा कार्यपालिकाको निर्णयका आधारमा पुजिगत तर्फ विभिन्न् १० कार्यक्रमहरुमा रु १८,६५,९४३ तथा मागमा आधारीत साना पुरवाधार कार्यक्रम , ४७ चालू तर्फ १७,९५,३९५ तथा २५,११,००५ समेत ६१७२३४३ खर्च गर्ने गरेको छ । योजना तथा कार्यक्रम स्पष्ट नगरी अवण्डामा बजेट राखी अध्यक्षको निर्णयबाट खर्च गर्ने प्रक्रिया नियन्त्रण गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **संगठन र जनशक्ति व्यवस्थापन**

**१ दरवन्दी र पदपुर्ती** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाईएन। पालिका वाट प्राप्त विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

**२ तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | यसै गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।०५।१८ को परिपत्र अनुसार नेपाल सरकार (माननिय मन्त्री स्तर) को मिति २०७६।०५।१८ को निर्णय बमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास गर्नुपर्ने उल्लेख रहेको छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु. १९०८७७६५ र पालिकाका कर्मचारीको रु १४९९२२४६ समेत रु.३४०८००११ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

**३ कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले यस बर्ष आन्तरिक स्रोतवाट रु. २२,८१,८०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **करार कर्मचारी**

**कर्मचारी व्यवस्थाः**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि जम्मा ९२ जना कर्मचारी करारमा राखि रु ३०६१४३०८। तलव भत्तामा खर्च लेखेको छ। त्यसैगरी

सोही ऐनको २०७४कोदफा८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ।पालिकाले उल्लेखित पदवाहेकको पालिकाले उल्लेखित पदवाहेकको अधिकृत छैटौ १, सहायक चौथो ३ र सहायक कम्प्युटर अपरेटर ३ गरी जम्मा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३५८५८०० भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

अनियमित भएको

१५ **कल्याण कोष**

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु ५,००,००० ट्रान्सफर गरेको छ । तर उक्त

कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

१६ **सेवा प्रवाह**

: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, २४ कार्यविधि, निर्देशिका ७,मापदण्ड ४ र अन्य १२ लगायत ७० वटा कानुन निर्माण गरी कार्यान्यिनमा रहेका छन्

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **निवेदन दर्ता** | **सिफारिस भएको संख्या** |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १२ | १२ |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | 1456 | 1456 |
| मृत्युदर्ता | 297 | 297 |
| बसाईसराई दर्ता | 150 | 150 |
| विवाह दर्ता | 413 | 413 |
| सम्बन्धविच्छेद दर्ता | 13 | 13 |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | 8212 मिटर | |
| कालोपत्रे सडक मर्मत | १६०० पि.सि.सि/१०६ आर.सि.सि | |
| ग्राभेल सडक निर्माण | 15841 मिटर | |
| ग्राभेल सडक मर्मत | | |
| स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | | |

**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत १०० दिनले ६४५९ दिन रोजगारी उपलव्ध गराई रु.३७२७१३१ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ३७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ४.५ प्रतिशत रहेको छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा | बजेटको तुलनामा |
| १ | आर्थिक विकास | 44725000 | 22476496 | 3.9 | 50.25 |
| ३ | सामाजिक विकास | 230596000 | 213720693 | 37.13 | 92.68 |
| ४ | बातावरण तथा विकास | 252321722 | 205409857 | 35.69 | 81.41 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 31915000 | 26083109 | 4.53 | 81.73 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 121146850 | 107907193 | 18.75 | 89.07 |
| कुल जम्मा | | 680704572 | 575597348 | १०० | |

सैद्धान्तिक बेरुजु

१८ **ठेक्का व्यवस्थापन**

१८.१ **१ ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

**२ प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

**३ अधुरा ठेक्का** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार का ४ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा १८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।) सैद्धान्तिक बेरुजु

१८.२ म्याद थप : सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

(विस्तृत विवरण बेरूजु दफा १८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।) सैद्धान्तिक बेरुजु

## १९ आय व्यवस्था

**१ आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड ६४ लाख ६७ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१ करोड २७लाख ४२ हजार अर्थात अनुमान भन्दा २२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**२ आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रिय अनुदानको तुलानामा निम्नाअनुसार आन्तरिक आय प्राप्त गरेको बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५४६२३७५५६ | १२७४२१०० | ४।३५ |

३राजश्व अभिलेख - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट राजश्व संकलनमा कम्पयूटराईज प्रणालि शुरुवात गरेता पनि कर्मचारीले नगद लिई कम्प्यूटरवाट रसिद काट्ने र कर्मचारीले आम्दानी दाखिला गर्ने गरेको पाईयो। यसरी काटिएका रसिदहरु रद्द गर्न सक्ने अवस्था भएको,कार्यालयले राजश्व असुलिको दैनिक तथा मास्केवारी विवरण तयार नगरेको,बैंक दाखिला भएको रकमलाई नै आम्दानी देखाएकोले असुली भएको सबै रकम दाखिला भएको छ भन्ने आधार देखिएन । अघिल्लो आ.व.मा पालिकामा म्यानुअल ठेलि मार्फत आम्दानी गरेकोमा बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट पुर्ण स्वचालित प्रणालि जडान गरी बैंक मार्फत राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

४ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **प्राप्तिकोश्रोत** | **वार्षिकअनुमानित आय** | **आम्दानी** |
|---|---|---|
| ११३१३ - एकीकृत सम्पती कर | ३१०००००० | 2454400 |
| ११३१४ - भुमिकर/मालपोत | १००००० | 62200 |
| ११३२१ - वहाल कर | २००००० | 336600 |
| ११३२२ - वहाल विटौरी कर | ४८००००० | 2169900 |
| ११६९१ - अन्य कर | ३०००० | 145400 |
| १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २५००००० | 2902800 |
| १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | १०००० | 0 |
| १४२२१ - न्यायिक दस्तूर | १०००० | 6800 |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | १००००० | 172100 |
| १४२२४ - परीक्षा शुल्क | ३०००० | 66100 |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ७००००० | 453600 |
| १४२४२ - नक्सापास दस्तुर | ५०००० | 21000 |
| १४२४३ - सिफारिश दस्तुर | १२००००० | 761100 |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ७००००० | 340400 |
| १४२४५ - नाता प्रमाणित दस्तुर | १००००० | 91000 |
| १४२४९ - अन्य दस्तुर | १००००० | 546030 |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | २००००० | 129300 |
| १४२६५ - अन्य क्षेत्रको आय | २००००० | 0 |
| १४३१२ - प्रशासनिक दण्ड,जरिवाना र जफत | १००००० | 6739 |
| १४३१३ - धरौटी सदरस्याहा | ५०००० | 0 |
| १४५२९ - अन्य राजस्व | ११८७००० | 1283980 |
| १५१११ – बेरूजू | १०००००० | 792800 |
| | **१६४६७०००** | **12742100** |
| | | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं

शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन

।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु

पर्दछ।

**पोखरी ठेक्का:**÷ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार पालिका अन्तरगतका विभिन्न ४३ सार्वजनिक पोखरीका ठेक्का वापत विभन्न २० सम्झौताहरुवाट सम्झौता अवधि समाप्त भई बक्यौता असुल गर्नु पर्ने रु ४२५९५०८ गत विगतको लेखापरीक्षणमा समेत औल्याईएकोमा हाल सम्म असुल गरेको छैन भने पहिलेको सम्झौता समाप्ति पश्चात उक्त पोखरीहरुका लागि ठेक्का व्वस्थापन नगरेको जनाई सम्झौता फाईल लेखापरीक्षणका लागि पेश गरेको छैन । प्रचलित कानुन तथा सम्झौताको शर्त बमोजिम बक्यौता रकम उठाउनु पर्दछ ।

**खोला ठेक्का बक्यौता आय** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता उठाउने व्यव्स्था रहेको छ । विगत बर्षमा नदिजन्य पदार्थ संकलनका लागी ठेक्का सम्झौता भई भुक्तानी गर्नु पर्ने देहायबमोजिमको रकम पालिकामा प्राप्त भएको छैन । गत विगतको लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याईएको उक्त विषयहाल सम्म सुधार भएको पाईएन ।अत सम्झौता तथा प्रचलित कानुन बमोजिम जरिवाना तथा व्याज समेत रकम असुल गर्नु पर्दछ ।

| क्र स | खोलाको नाम | ठेकदारको नाम | सम्झौतमा रकम | २०७९/०८० भन्दा अगाडि तिरेको रकम | २०७९/०८० मा तिरेको रकम | 2079/०८० मा तिर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | विसवा खोला | श्री हेमलता चौधरी अजय कन्ट्रक्सन | ११६९०४५ | ६५९००० | ० | ६३७५५६ |
| २ | सुख्खा खोला | | ४३६३५९५ | २४५९००० | ० | २३८०७४३ |
| ३ | विसवा खोला | लोकेश बहादुर थापा | १८३६००० | २६५००० | ५०००० | १५२१००० |

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

२० **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १२७४२०९५राजस्व बाँडफाँड 118811192 र अनुदानबाट रु समेत रु ८८४१९०९४८२ आम्दानी भएकोमा चालु तर्फ रु 308724979- र पूँजिगत तर्फ रु 266872368 र वित्तीय ब्यबस्था तर्फ रु 300809238 समेत रु ८७६४०६५८५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४।३५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६-प्रतिशत चालु र ४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **चौमासिक खर्च**

**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **क्र.स.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च (रु. हजारमा)** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| १ | पूँजिगत खर्चतर्फ | २६६८७२.37 | ८२१७.७५ | ३७३१९.19 | २२१३३५.४३ | १२४०५२.८3 |
| २ | प्रतिशत | 77.95 | 2.40 | 10.90 | 64.66 | 36.24 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार प्रथम चौमासिकमा रु ८२१७.७५हजार ३.०६प्रतिशत दोस्रो चौमासिकमा रु.. ३७३१९.19 हजार (१३.९८.प्रतिशत) र तेस्रो चौमासिकमा रु. २२१३३५.४३ हजार (८२.९३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.. १२४०५२.८3 हजार (४६.४८प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **गत बर्षको दायित्व**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी बजेटमा गतवर्षको दायित्व बाँकीको व्यवस्था गरी रु.५३लाख ६३ हजार ८४१ भुक्तानी दिएको छ। जसले गर्दा पालिकावाट यस बर्ष संचालन भएका योजना कार्यक्रममा स्रोत न्यून भएको पाईयो । अत सम्बन्धित बर्षमा भुक्तानी गर्न सकिने स्रोत सुनिश्चित भएका योजनाहरु मात्र संचालन गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

२३ **सप्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजश्व सम्बन्धी सफ्टवेयर खरिद गरी रु.४९७२०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

२४ **परामर्स तथा डीपीआर खर्च**

– बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| खोलाको आ ई ई | सार्प रिसर्च सेन्टर प्रा लि | 1000000 | 944906 | |
| जग्गा बर्गिकरण /भूमी | म्यापर्स नेपाल प्रा लि | 1500000 | 1293850 | |
| बृत्त चित्र निर्माण | सेन्टर फर नेश्नल डे.स्टा.रिसर्च से. प्रा लि | 500000 | 497200 | |
| उज्जलपुरदेखि नयाँ सडक | चन्दननाथ डिजाईन ए.प्रा लि | 500000 | 496000 | १४६३२५९०८।६३ |
| | | जम्मा | ३२३१९५६ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ

सैद्धान्तिक बेरुजु

२५ **आर्थिक सहायता**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आर्थिक सहयोग शिर्षकबाट ९३ जनालाई रु २५ लाख ८१ हजार ३६ नगद वितरण गरेको छ ।पालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा कार्यविधि समेत तयार नगरी तोक आदेशको आधारमा नगद आर्थिक साहायता दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **औषधी खरिद र वितरण**

**१ औषधि खरिद** – पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले २ बजेट उप शिर्षकबाट रु २२३३७७५ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

**२ औषधी तथा स्वास्थ्य सामाग्री वितरणको अवस्था** : कार्यालयलाई प्राप्त रकमबाट औषधी तथा स्वास्थ्य सामाग्री खरिद गर्दा बार्षिक अनुमान समेत तयार गरि सोही आधारमा खरिद तथा वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरेको देखिएन, खरिद गरेर PAMS मा Entry गरिएका औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च गरेको देखिएन । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरि औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च स्पष्ट रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्विकृत सफ्टवेयर ELMIS मा अद्यावधिक गर्नुपर्दछ ।

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले निम्न भुक्तानी गर्दा खर्च पुष्टि हुने प्रमाण संलग्न नगरी भुक्तानी गरेकोले प्रमाण पेश नभएको रु

| भौचर नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ५।२०८०।१।१९ | श्री लैटनराम द्रौपविदेवी मा वि र भुवनेश्वरी मा वि को लागि डिजिटल स्मार्ट बोर्ड खरिद | ९९६३८९ | जडान भएको कार्यसम्पन्न प्रतिवेदन र सम्वन्धित विद्यालयले जिन्सि खातामा आम्दानी जनाएको प्रमाण नभएको |
| ७३५।२०८०।३।२२ | वडा भित्र बृक्षारोपण कार्यक्रम बापत वडा सचिव प्रदिप अधाकारी लाइ भुक्तानी | ६५००० | बृक्षारोपण भएको कार्यसम्पन्न प्रतिवेदन नभएको, सम्वन्धित पाटी लाइ भुक्तानी भएको प्रमाण नभएको |
| जम्मा | | १०६१३८९ | |

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | १०,६१,३८९ |
|---|---|

५२ **कार्यक्रम खर्च वाट भ्रमण खर्च भुक्तानीः**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नु पर्ने र नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त

भएपछि नियमअनुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवाश्यक विल भरपाइ सम्वन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ।आ व २०७८।७९ को महालेखा परिक्षकको कार्यालयको प्रतिवेदनमा भएको वेरुजुको सम्बन्धमा राय लिन धार्मिक विद्यालय व्यवस्थापन अनुदान कार्यक्रम बाट “धार्मिक विद्यालय अनुदान सम्वन्धि राय लिनको लागि भक्तपुर प्रस्थान” कार्यक्रम स्विकृत गरि (२०८०।१।२४ देखि २०८०।१।२६सम्म) सवारी साधन भाडा वापत रु ६३००० र खाना तथा आवास को रु ३५८०० गरि जम्मा रु ९८७०० शिक्षा अधिकृत लाइ भुक्तानी गरको पाइयो।भ्रमण खर्च नियमावली अनुसार भ्रमण आदेश,भ्रमण खर्च बिल पेश नगरी खाना वास तथा गाडीभा वापतको एकमुष्ठ भुक्तानीले थप व्यवहार पारेको रु

| अनियमित भएको | ९८,७०० |
|---|---|

५३ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्न नहुने रसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.१० लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी मसलन्द तथा कार्यालय सामग्रि खरिदमा निम्न अनुसार रु१६९९४८५ खर्च गरेको पाइयो । कानुनको पालना गरी खर्च गर्नु पर्दछ।

| भौचर नं र मिति | फर्मको नाम | सामान | रकम |
|---|---|---|---|
| ६४४।२०८०।३।१२ | न्यू एनजला छापाखाना | कार्यालय सामान खरिद | ९८८७५ |
| ७४२\|२०८०\|३\|२३ | कृष्ण इन्टरनेसनल ललितपुर | स्वास्थ्य शाखाको लागि बाइनाकुलर खरिद | १,७५,०००/- |
| ७४२\|२०८०\|३\|२३ | सारु इलेक्ट्रोनिक एण्ड स्टेशनरी पसल विजयनगर | मर्मत | ३६,१५० |
| ७४२\|२०८०\|३\|२३ | राधेश्याम ट्रेडर्स क.व. | कार्यालय सामान खरिद | ४,६९,४१८ |
| ५०३।२०८०।१।२७ | हेमहरी ट्रेडर्स | विभिन्न सामाग्रि खरिद | ९२००४२ |
| | | | १६९९४८५ |

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **विधालय अनुगमनको लागि परामर्श सेवा खरिदः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ मा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्ति वाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले सामुदायिक तथा धार्मिक विद्यालय को अनुगमन कार्यको लागि श्री सुरेन्द्र राज मिश्र लाइ २०७९ असोज महिना देखि असार महिना सम्म १० महिनाको लागि मासिक रु १५००० को दरले परामर्श सेवाको लागि सम्झौता गरि रु १ लाख ४९ हजार भुक्तानी गरेको पाइयो। पालिकामा शिक्षा सम्वन्धि कार्य गर्ने शिक्षा शाखा तथा शिक्षा संयोजक भएको अवस्थामा परामर्श सेवा खरिद गर्नुपर्ने कारण उल्लेख नगरि भुक्तानी भएको पाइयो। आयकर ऐन अनुसार १५ प्रतिशत कर २२३५० असुल गरि नियमित गर्नुपर्ने रु

| अनियमित भएको | १,४९,००० |
|---|---|

५५ **कार्यविधि तयार नभएकोः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, कार्यक्रम खर्च, आर्थिक सहयोग जस्ता शिर्षकबाट रु २६८९३२९ को विभिन्न सामग्री खरिद गरि बितरण गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । कार्यविधि तयार गरि खर्च गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

५६ **एकाउन्टपेयी चेक बाट भुक्तानी नभएकोः**

**एकाउन्टपेयी चेक बाट भुक्तानी नभएकोः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(८) बमोजिम २५ हजार भन्दा वढि रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यम वाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ।नमुना छनौटको आधारमा परिक्षण गर्दा निम्न भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यम बाट भुक्तानी भएको पाइएन।कानुन बमोजिम खर्च गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **विविध खर्चः**

**खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु १९७८०१२। खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नमुना छनौटको आधारमा परिक्षण गरेकोमा पालिकाले देहायअनुसार कृषि, पशु, लगाएत अनुदानमा रु १७४३७१७। खर्अच गरेकोमा अनुदान वितरणको लाभग्राही छनौट विधि तथा मापदण्ड तयार पारेको पाइएन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **गैरसरकारी संस्था बाट तालिमः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनकोलागि लागि त्यस्तो कामको आवास्यकता किसिम समयावधि कामको गुणस्तर जनशक्ति कार्य सन्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार पार्नुपर्ने, कानून वमोजिम दर्ता भएका र मैजुदा सुचिमा दर्ता भएका संस्थालाइ कम्तिमा १५ दिनको सूचना दिइ राष्ट्रिय वा स्थानिय स्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग गर्नु पर्ने र १० लाख भन्दा वढि लागत अनुमान भएको काम गराउनको लागि खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रकृया अवलम्वन गर्नु पर्ने व्यवस्था छ। पालिकाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विभिन्न तालिम कार्यक्रम संचालन गरेकोमा कार्यालयको जनशक्ति बाट नगरि ३ वटा संस्था वाट आर्थिक प्रस्ताव माग गरि सिधै खरिद गरको पाइयो।प्रशिक्षक भत्तामा रु १ लाख ७६ हजार खर्च लेखेकोमा १५ प्रतिशत कर रु २६४०० असुल गरेको पाइएन।उक्त तालिम कार्यक्रम को पालिकावाट अनुगमन समेत भएको पाइएन। त्यसैगरी आर्थिक कार्याविधि तथा वित्तिय उतर्दायितव नियमावली २०७७ को नियम ३९(५) मा विल भरपाइ सहित लेख राख्नुपर्ने व्यवस्था भएकोमा निम्न तालिम कार्यक्रमको बिल भरपाइ लेखापरिक्षणमा पेश भएन। प्रशिक्षक भत्ता कर रु २६४०० असुल गरि बिल भरपाइ पेश गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | १४,९४,१७६ |
|---|---|

६० **आन्तरिक पर्यटन भ्रमण खर्चः**

**आन्तरिक पर्यटन भ्रमण खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम

स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।कर्मचारीको सेवा सर्त सुविधा सम्वन्धि कानून नबनेको अवस्था र लुम्विनी प्रदेश, गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७६ मा व्यवस्था नभएको तथा पर्यटन भ्रमण सम्वन्धि कूनै कार्यविधि तयार नगरेको अवस्थामा पालिकाले आन्तरिक पर्यटन प्रवर्द्धन तथा अवलोकन कार्यक्रम पालिकाको बार्षिक बजेटमा समावेश गरि विभिन्न पदाधिकारी,कर्मचारी, व्यवसायि लगायत ४८ जनाको विभिन्न स्थानको भ्रमण वापत रु ७ लाख खर्च लेखेको पाइयो।त्यसैगरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(८) बमोजिम २५ हजार भन्दा वढि रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यम वाट गर्नुपर्नेमा गरेको पाइएन।कानूनमा व्यवस्था नभएको उक्त रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

६१ **शैक्षिक गुणस्तर सुदृढीकरण**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० को क्रियाकलाप न. २.७.१३.१३ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादमा आधारित प्रोत्साहन अनुदान बितरण गर्ने व्यवस्था रहेको छ । भौ न ४०४ मिति २०८०।०३।२४ बाट सेन्टर फर नेश्नल डेभलपमेन्ट स्टाट्रेजी एण्ड कम्युनिकेशन रिसर्च प्रा.लि. लाई स्थानिय संरचना आईसकेपछि गाउँपालिकाको चित्रण हुने गरी गाउँपालिका भवन, धार्मिक स्थल, मठमन्दिर, एतिहासिक ठाउँको संग्रह गरी २० गोटा पुस्तक तयार गर्ने जनाई मिति २०७९।१२।१५ बाट प्रमुख प्रशासकिय अधिकृतबाट कार्यादिश जारी भएको देखिन्छ । यसरी विद्यालयलाई अनुदान दिने रकमबाट नियमविपरीत कार्यादिश जारी भएको देखिएकोले कार्यक्रम कार्यान्वय पुस्तिका अनुसार खर्च गर्ने मिल्ने सम्बन्धित अनुदान बेगर खर्च लेखेको रकम अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ९४,५७४ |

६२ **निशुल्क पाठ्यपुस्तक**

६२.१ कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु ७९,८०,४६३.४ रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६२.२ लेखापरिक्षण अवधिसम्म अपडेट भएको IEMIS DATA अनुसार लेखापरिक्षण गरिएकोमा कार्यालयले देहायबमोजिमका विद्यालयहरुलाई पाठ्यपुस्तक बमोजिम रकम निकाशा गर्दा २०८० सालमा भर्ना भएका IEMIS DATA मा रहेका विद्यार्थी संख्या भन्दा बढी संख्यामा निकाशा भएकोले यकिन गरि सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रकम रु

| क्र.सं. | विद्यालयको नाम | IEMISDATA अनुसार जम्मा भुक्तानी हुनुपर्ने रु | ७५प्रतिशत रु | २५ प्रतिशत रु | जम्मा भुक्तानी भएको रु | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| १ | Lautan Ram Dropadi Devi Ma Vi | 569752.1 | 482796 | 221245 | 704041 | 134289 |
| २ | Dudhadhari Secondary School | 750129.8 | 692813 | 215072 | 907885 | 157755 |
| ३ | Kamana Pra Vi jawabairath | 156224.4 | 175873.4 | | 175873.4 | 19649 |
| ४ | Janachetana Pra Vi Gobarhawa | 20421.6 | 23534.4 | | 23534.4 | 3113 |
| ५ | Shiva Madhyamik Bidhyalay | 471895.4 | 388436.1 | 87594.9 | 476031 | 4136 |
| ६ | Ramsharan Adharbhut Vidyalaya | 209302.2 | 292518.2 | | 292518.2 | 83216 |
| ७ | Madrasa Ahle Sunnat Faizane Mustafa Naimiya Joginiya | 73457.8 | 81443.4 | | 81443.4 | 7986 |
| ८ | Madrasa Ahle Sunnat Faize Ghausiya | 123390.2 | 136756 | | 136756 | 13366 |
| ९ | Haribodh Basic Level School Premnagar,Vijaynagar-6 | 268326.3 | 279235 | | 279235 | 10909 |
| १० | Janajyoti Adharbhut Vidyalaya Sankhapur | 233419.8 | 265237.7 | | 265237.7 | 31818 |
| ११ | Bhuwaneshwari Secondary School | 829805.7 | 668475.6 | 192972.8 | 861448.4 | 31643 |
| १२ | Jyoti Bal Siksha Pra Vi | 35952 | 38388 | | 38388 | 2436 |
| १३ | Mahakali Pra Vi Bijayanagar Betani | 14044.8 | 26294.4 | | 26294.4 | 12250 |
| १४ | Jamiya Lil Banat Ummul Khair Girls School | 26868 | 28032 | | 28032 | 1164 |
| | जम्मा | 3782990 | 3579833 | 716884 | 4296718 | 513730 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१३,७३० |

६२.३ लौटन राम द्रोपदी देवी माध्यमिक विद्यालयमा स्थलगत निरिक्षण गरिएकोमा २०८० सालमा भर्ना भएका विद्यार्थी संख्याको हाजिरी पुस्तिकामा भएको संख्या भन्दा IEMIS मा विद्यार्थी संख्या बढी पाईएको छ, हाजिर भएका विद्यार्थी भन्दा बढी संख्यामा हाजिरी पुस्तिकामा समेत विद्यार्थी संख्या देखियो । यसरी अनिवार्य उपस्थित भई विद्यालय आउने विद्यार्थी भन्दा हाजिर पुस्तिकामा विद्यार्थी संख्या बढि जनाउने तथा हाजिर पुस्तिकामा भन्दा बढि संख्यामा IEMIS DATA भरेको देखिएकोले विद्यार्थी संख्याका आधारमा जाने अनुदान रकम बढि निकाशा हुने भएकोले अन्य विद्यालयको समेत पालिकाद्वारा छानविन र यकिन हुनुपर्दछ । पालिकाले शिक्षा शाखामा रहेका कर्मचारी बाहेक विद्यालय अनुगमनको लागि सेवा वापत सुरेन्द्र राज मिश्रलाई मासिक १५ हजारको दरले १४९००० समेत भुक्तानी गरेको देखिएकोमा विद्यालय अनुगमन भएको देखिएन । यसरि देहायबमोजिमका कक्षाहरुमा विद्यार्थी संख्याभन्दा बढी विद्यार्थी IEMIS मा जनाई २०८० सालको पाठ्यपुस्तक निकाशा भईसकेकोले छानविन तथा यकिन गरि असुल हुनुपर्दछ । र २०८० सालमा जाने अन्य अनुदान निकाशा गर्नुपूर्व सम्पूर्ण विद्यालयहरुको अनुगमन गरि वास्तविक विद्यार्थीहरुको संख्या यकिन गरि शिक्षा अधिकृतबाट प्रमाणित गरि रकम निकाशा गर्नुपर्दछ ।

| कक्षा | हाजिर पुस्तिकामा उपस्थित भएका विद्यार्थी संख्या | IEMIS मा देखाईएका विद्यार्थी संख्या | फरक | पाठ्यपुस्तक दर | बढि रकम रु |
|---|---|---|---|---|---|
| १ | ६१ | ८७ | २६ | ५२०.८ | १३५४० |
| २ | ७९ | १०४ | २५ | ५५६.८ | १३९२० |
| ३ | ५३ | ७५ | २२ | ५८०.८ | १२७७७ |
| ४ | ४८ | ६५ | १७ | ७०२.८ | ११९४७ |
| ५ | ७६ | ८९ | १३ | ७४०.२ | ९६२२ |
| ६ | ७१ | ९१ | २० | ७१२.८ | १४२५६ |
| ७ | ७१ | ८७ | १६ | ७५२.४ | १२०३८ |
| ९ | ६० | ६९ | ९ | ७७४.४ | ६९६९ |
| ११ | २४ | ४९ | २५ | २७१ | ६७७५ |
| १२ | २५ | ५६ | ३१ | ३१७ | ९८२७ |
| जम्मा रु. | | | | | ११११६७१ |

| असुल गर्नुपर्ने | १,११,६७१ |
|---|---|

६२.४ स्थलगत निरिक्षण




| सैद्धान्तिक बेरुजु |
|---|

## ६३ दिवा खाजा

६३.१

**दिवा खाजा :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मो विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यावस्था रहेको छ ।कार्यालयले सामुदायिक र धार्मिक समेत गरि ४५ विद्यालयहरुलाई १६९ दिन बराबरको दिवा खाजा रकम निकाशा गरेको छ । सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणित हाजिर र विद्यार्थी संख्या यकिन बेगर एकमुष्ठ रकम निकाशा गरेको औचित्यपूर्ण देखिदैन । कार्यालयले यस वर्ष देहायबमोजिमका विद्यालयहरुलाई दिवा खाजा निकाशा दिदाँ तोकिएका मापदण्डहरु पुरा भएको अवस्था बेगर रकम निकाशा गरेको पाईएकोले कानुन तथा निर्देशिकाको पालना गरि दिवा खाजा रकम निकाशा गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६३.२ आर्थिक वर्ष २०७९ सालको विद्यार्थीहरुको IEMIS DATA अनुसार बढिमा कार्यालयले निकाशा दिएको १६९ दिनलाई आधार मानी रकम हिसाव गरिएकोमा कार्यालयले देहायबमोजिमका विद्यालयहरुलाई दिवा खाजा बमोजिम रकम निकाशा गर्दा २०७९ सालमा भर्ना भएका IEMIS DATA मा रहेका विद्यार्थी संख्या भन्दा बढी संख्यामा रकम निकाशा भएकोले यकिन गरि सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रकम रु

| विद्यालयकोनाम | निकाशा | | जम्मानिकाशा भएको | प्रारम्भिकबाल विकास केन्द्र देखि कक्षा ६ सम्मका विद्यार्थी संख्या | दर | दिन | जम्मा | बढीनिकाशा भएको |
|---|---|---|---|---|---|---|---|---|
| | भौ न ३४०,२०८०।०३।०८ | भौ १३९, २०७९।१०।१९ र १३० ,२०७९।१०।१० | | | | | | |
| Mahakali Pra Vi Bijayanagar Betani | ९८२८० | ६४३५० | १६२६३० | 41 | 15 | 169 | 103935 | 58695 |
| जम्मा रु | | | | | | | | 58695 |

कार्यालयले IEMIS मा रहेको विद्यार्थी संख्या पुन यकिन गरि, भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई, स्थानिय तहमा संकलन गरी, संख्या यकिन गरि बिद्यार्थी उपस्थितिको दिन गणना गरि, बढि निकाशा भएमा थप असुल समेत गर्नुपर्ने देखिन्छ ।

| असुल गर्नुपर्ने | ५८,६९५ |
|---|---|

## ६४ परम्परागत विद्यालयलाई कर्मचारी अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं १.१.४.१ अनुसार प्रत्येक सामुदायिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागी मासिक रु ८००० का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । देहायबमोजिमका सामुदायिक विद्यालयका रुममा दर्ता नभएका परम्परागत तथा धार्मिक विद्यालयहरुलाई विद्यालय सहयोगी कर्मचारीको अनुदान निकाशा गरेकोले यस सम्बन्धमा कार्यालयबाट बढि निकासा सम्बन्धमा यकिन हुनुपर्दछ । र एउटा विद्यालयमा बार्षिक रु १०४००० मात्र अनुदान उपलब्ध गराउन मिल्नेमा भौ ३६ मिति २०७९।०६।११ बाट ७५००० को दरले र भौ न ३९० मिति २०८०।०३।२० बाट रु ७०००० को दरले समेत जम्मा रु १४५००० को दरले रकम निकाशा गरेकोले बढी निकाशा रकम असुल गर्नुपर्ने रु

| क्र.स. | मदरसा विद्यालयको नाम | भौचर नं. ३६ | भौचर नं. ३९० | कुल निकासा | निकाशा हुनुपर्ने रकम पोशाक समेत रु | बढि निकाशा रु |
|---|---|---|---|---|---|---|
| | | कर्मचारी | कर्मचारी | | | |
| 1 | श्री मदरसा अहिले सून्नत गरीब नवाज नैमिया, विजयनगर 2 महुवादुधार | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 2 | श्री मदरसा अहिले सून्नत फैजाने मुस्तफा,विजयनगर ५ जोगिनिया | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 3 | श्री अहिले सून्नत फैजे गौसिया, पिपरी | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 4 | श्री मदरसा अहिले सुन्नत गौसिया प्रा.वि, दत्तपुर | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 5 | श्री मदरसा अहले सून्नत नैमिया रफिकुल उलूम, पत्थरदेइया | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 6 | श्री मदरसा हनफिया रजविया, पत्थरदेइया | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 7 | श्री मिस्वहुल उलूम, कडियार | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 8 | श्री मदरसा अहले सून्नत गुल्सनेररजा, महदेइया | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 9 | श्री मदरसा अहले सून्नत कदिरिया फैजुल उलूम, बरगदवा | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 10 | श्री मदरसा अहले सुन्नत फैजाने नइमिया,जलहिया | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 11 | श्री मदरसा अहले सून्नत नुरी विजनयगर १ गुगौली | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| 12 | श्री मदरसा अहले सून्नत फैजुल उलुम प्रा.वि. विजनयगर ३ कडिहार | 75000 | 70000 | 145000.0 | ११४००० | ३१००० |
| जम्मा | | | | 1740000.0 | १३६८००० | ३७२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७२,००० |

६५ **फरक खर्च शिर्षक**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ चालु खर्च संकेत तथा वर्गीकरण र व्याख्या सम्बन्धि प्रावधान अनुसार सम्बन्धित खर्च सम्बन्धित खर्च शिषर्कबाट लेख्नुपर्ने व्यवस्था रहेको छ । देहायबमोजिम शिर्षक फरक पारी रकम खर्च गरेकोले अनियमित रु

| भौ न र मिति | लेख्नुपर्ने खर्च संकेत नम्बर | लेखेको खर्च संकेत नम्बर | रकम रु. |
|---|---|---|---|
| ३९०, २०८०।०३। २० | (२११११) आधारभुत तथा माध्यमिक शिक्षकको तलब भत्ता | (२२५२२) दिवा खाजा | ८३०८३५ |
| ४१०, २०८०।०३। २४ | (२११११) आधारभुत तथा माध्यमिक शिक्षकको तलब भत्ता | (२२३१९) विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ८०५३१ |
| | | | ९११३६६ |

| | |
|---|---|
| अनियमित भएको | ९,११,३६६ |

६६ **प्रारम्भिक बाल बिकास तथा विद्यालय कर्मचारी अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं १.१.४.१ अनुसार प्रारम्भिक बाल विकास कक्षाका शिक्षकको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धि व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार देहायबमोजिम रकम निकाशा हुनुपर्नेमा सुत्र शफ्टवेयरबाट निकाशा रकम भिडान गर्दा बढि रकम खर्च भएको देखिएकोले कार्यालयबाट थप छानबिन र यकिन गरि बढि भएमा असुल गर्नुपर्ने रकम रु

| विवरण | संख्या | दर | १३ महिना को जम्मा रु | पोशाक | जम्मा रु |
|---|---|---|---|---|---|
| बाल बिकास सहजकर्ता | २६ | १०००० | ३३८०००० | २६०००० | ३६४०००० |
| कार्यालय सहयोगी | २६ | ८००० | २७०४००० | २६०००० | २९६४००० |
| लेखा कर्मचारी | ६ | १३५०० | १०५३००० | ६०००० | १११३००० |
| भौ ३६ मिति २०७९।०६।११ बाट र भौ न ३९० मिति २०८०।०३।२० बाट १२ धार्मिक विद्यालयहरुलाई बालबिकास सहजकर्ता र कार्यालय सहयोगि अनुदान | | | | | १८८५००० |
| जम्मा खर्च हुनुपर्ने रकम रु | | | | | ८६०२००० |
| भौ न ३६, २०७९।०६।११, भौ न ६३, २०७९।०७।२२, भौ न १६३, २०७९।११।१२, भौ न २०९,२०८०।०१।०५, भौ न २०६, २०८०।०१।०५ र भौ न ३९०, २०८०।०३।२० बाट खर्च भएको रकम रु | | | | | ९९४०००० |
| बढि खर्च भएको रकम रु | | | | | १३३८००० |

| प्रमाण पेश नगरेको | १३,३८,००० |
|---|---|

६७ **विद्यार्थी निर्वाह खर्च**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० (२.६) अनुसार प्रति वद्यार्थी लागत अनुदान अन्तर्गत व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि विद्यालयलाई निकाशा गरेको अनुदान मध्ये विद्यार्थी निर्वाह खर्च स्वरुप प्रति महिना १ हजारका दरले रकम सम्वन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले भौ न ३७० मिति २०८०।०३।१८ मा भुवनेश्वरी मा.वि. विजयनगर ३ जगदिशपुर लाई १०३ जना विद्यार्थीको रु १५००० को दरले अनुदान बापत १५४५००० निकाशा गरेकोमा कक्षा १० मा अध्ययनरत २४ जना विद्यार्थीको ३ महिनाको, कक्षा ११ मा अध्ययनरत २१ जना विद्यार्थीको ३ महिनाको, र कक्षा १२ मा अध्ययनरत ३३ जना विद्यार्थीको ६ महिनाको गरि जम्मा ७८ विद्यार्थीको ३३३ महिनाको रु १००० को दरले जम्मा रु ३३३००० सम्बन्धित विद्यार्थीको बैंक खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ३,३३,००० |
|---|---|

६८ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २०३३ जना रहेका छन। पालिकाले भौ.नं. १६१, मिति २०७९।११।०५ , भौ.नं. ४०१, मिति २०८०।०३।२१ बाट २००५६ थान स्यानिटरी प्याड रु १९०४९६३.०४(मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९ **परम्परागत शिक्षण संस्था**

परम्परागत शिक्षण संस्था (संचालन तथा व्यवस्थापन) मापदण्ड २०७९ मा रहेका प्रमुख व्यवस्थाहरु देहायअनुसार रहेका छन् ।

क) बुँदा नम्बर ८(१) अनुसार राष्ट्रिय पाठ्यक्रम प्रारुपमा तोकिएबमोजिमका विषयका विकल्पहरुमध्येका पाठ्यपुस्तकहरु साथै संस्थाको प्रकृतिअनुसार धार्मिक तथा सांस्कृतिक महत्व राख्ने विषयलाई समेत समावेश गरी पठनपाठनको व्यावस्था गर्नुपर्ने ।

ख) बुँदा नम्बर १० अनुसार शिक्षण संस्थाले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत गरेको पाठ्यसामाग्री र स्थानीय तहबाट स्वीकृति लिएका स्थानीय विषय तथा धार्मिक विषयहरुका थप पाठ्यसामाग्री अध्यापन गराउनुपर्ने ।

ग) बुँदा नम्बर ११ अनुसार अनुदान माग गर्ने शिक्षण संस्था वा विद्यालयलाई अनुदान माग गर्नुपुर्व सामुदायिक विद्यालय सरहको प्रकृया पुरा गरेको हुनुपर्ने ।

घ) बुँदा नम्बर १२ अनुसार अनुमति नलिई सञ्चालनमा रहेका वा अनुमति लिएर पनि समयमै शैक्षिक तथ्याङ्क नभरेका शिक्षण संस्थालाई कनै पनि अनुदान उपलब्ध नगराउने ।

लेखापरीक्षणको क्रममा पालिकाबाट विभिन्न शिर्षकमा अनुदान निकाशा भएका १९ धार्मिक विद्यालयहरुको माथि उल्लेखित मापदण्ड बमोजिमका प्रमाणहरु माग गर्दा प्रमाण तथा कागजात पेश नभएको कारण नमुना छनोट गरि परिक्षण गरिएकोमा तपशिल बमोजिम निकाशा भएको रकमको सम्बन्धमा आवश्यक छानविन तथा यकिन हुनुपर्दछ ।

| क्र.स. | विद्यालयको नामठेगाना | विद्यालय संचालनव्यवस्थापन | समाजिकपरिक्षण | ईन्टरनेट जडान | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्री मदरसाअहिले सून्नत गरीब नवाज नैमिया, विजयनगर 2 महुवादुधार | 10000 | 10000 | १२००० | ३२००० |
| २ | श्रीमदरसा अहिले सून्नत फैजाने मुस्तफा,विजयनगर ५ जोगिनिया | 10000 | 10000 | | २०००० |
| ३ | श्रीअहिले सून्नत फैजे गौसिया, पिपरी | 10000 | 10000 | १२००० | ३२००० |
| ४ | श्रीमदरसा अहिले सुन्नत गौसिया प्रा.वि, दत्तपुर | 10000 | 10000 | १२००० | ३२००० |
| ५ | श्रीमदरसा अहले सून्नत नैमिया रफिकुल उलूम, पत्थरदेइया | 10000 | 10000 | १२००० | ३२००० |
| ६ | श्रीमदरसा हनफिया रजविया, पत्थरदेइया | 10000 | 10000 | १२००० | ३२००० |
| ७ | श्रीमिस्वहुल उलूम, कडियार | 10000 | 10000 | | २०००० |
| ८ | श्रीमदरसा अहले सून्नत गुल्सनेररजा, महदेइया | 10000 | 10000 | | २०००० |
| ९ | श्रीमदरसा अहले सून्नत कदिरिया फैजुल उलूम, बरगदवा | 10000 | 10000 | | २०००० |
| १० | श्रीमदरसा अहले सुन्नत फैजाने नइमिया,जलहिया | 10000 | 10000 | १२००० | ३२००० |
| ११ | श्रीमदरसा अहले सून्नत नुरी विजनयगर १ गुगौली | 10000 | 10000 | | २०००० |
| १२ | श्रीमदरसा अहले सून्नत फैजाने गौसिया प्रा.वि.विजनयगर 7 गणेशपुर | 10000 | 10000 | | २०००० |
| १३ | श्रीमदरसा अहले सून्नत चिस्तिया फैजुल उलुम प्रा.वि.विजनयगर 4 डगडौवा | 10000 | 10000 | | २०००० |
| १४ | श्रीमदरसा समसुल उलुम नईमिया प्रा.वि.४ देउपुरा | 10000 | 10000 | | २०००० |
| १५ | श्रीमदरसा दारुत तौहिद प्रा.वि.५ कटुवा | 10000 | 10000 | | २०००० |
| १६ | श्रीमदरसा जामिया रजविया लिलबनात विजयनगर ४ डगडौवा | 10000 | 10000 | | २०००० |
| १७ | श्रीमदरसा मिनहाजुल कुरान विजयनगर ५ मनोहरापुर | 10000 | 10000 | | २०००० |
| १८ | श्रीमदरसा अहले सून्नत फैजुल उलुम प्रा.वि.विजनयगर ३ कडिहार | 10000 | 10000 | | २०००० |
| १९ | श्रीजामिया लिल बनात उम्मुल खैर गर्ल्स विद्यालय विजयनगर ४ बरगदवा | 10000 | 10000 | | २०००० |
| जम्मा रु | | | | | ४५२००० |

माथि उल्लेखित संस्थाहरुलाई बैकल्पिक शिक्षा दिने शैक्षिक पंहुच सुनिश्चितता अनुदान समेत वितरण गरेको हुँदा, कार्यालयले दिवा खाजा, पाठ्यपुस्तक, स्यानिटरी प्याड, प्रति विद्यार्थी लागतका आधारमा अनुदान रकम, गैरआवशिय छात्रवृति, वालबिकास तथा विद्यालय कर्मचारी अनुदान लगायतका अनुदान समेत प्रदान गरेको सम्बन्धमा अनुदान दिन मिल्ने वा नमिल्ने विषयमा स्पष्ट नभएको हुँदा आवश्यक छानविन र यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७० **नमुना विद्यालयको शैक्षिक तथा व्यावस्थापकीय योजना**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप न. २.७.१३.१३ को ९.१२ मा स्विकृत नमुना विद्यालयलाई स्वीकृत गुरुयोजनाको आधारमा वार्षिक कार्यान्वियन योजना अनुसार नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका २०७४ मा उल्लेखित क्रियाकलाप निर्धारण गरि सो बमोजिमका सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्यप्रगतिसहित आवश्यक बजेटको प्रस्ताव विद्यालयबाट पेश गरि सो को आधारमा यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी अनुदान दिन सक्ने व्यावस्था रहेको छ । भौ न ४०४ मिति २०८०।०३।२२ र भौ न ४०९ मिति २०८०।०३।२४ बाट दुधाधारी मा.वि. विजयनगर १ गुगौलीलाई रु ४९,०३,८३६ अनुदान निकाशा गरेकोमा देखिएमा प्रमुख व्योहोराहरु देहायअनुसार रहेका छन् ।

क) स्वीकृत गुरुयोजना पेश नभएको तथा वार्षिक कार्यान्वियन योजना अनुसार नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका २०७४ मा उल्लेखित क्रियाकलाप निर्धारण गरि सो बमोजिमका सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्यप्रगतिसहित आवश्यक बजेटको प्रस्ताव विद्यालयबाट पेश गर्नुपर्नेमा सो पेश गरेको पाईएन ।

ख) पालिका र विद्यालय बिच भएको सम्झौताको बुँदा नम्बर ११ मा एस ई ई नतिजा सुधार तथा अतिरित्त कक्षा सञ्चालन पारिश्रमिक रकम बापत रु २३४००० बिनियोजन गरेकोमा देहायबमोजिम शिक्षकहरुले अतिरिक्त कक्षा सञ्चालन बापत भत्ता बुझेको रकममा आयकर ऐनको दफा ८८(१) र दफा ९२(१)(ज) अनुसार पटके रुपमा गरिएको अध्यापन गराए बापतको भुक्तानीमा १५ प्रतिशत अग्रिम करकट्टी गर्नुपर्नेमा सो नगरेकोले असुल गर्नुपर्ने रकम रु

| नाम थर | रकम | १५ प्रतिशत कर रकम रु |
|---|---|---|
| सुवास चन्द्र चौधरी | ७८००० | ११७०० |
| मनबहाल यादव | ७८००० | ११७०० |
| सशिला थापा मगर | ७८००० | ११७०० |
| जम्मा रु | | ३५१०० |

| असुल गर्नुपर्ने | ३५,१०० |
|---|---|

७१ **शिक्षा**

पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।

· पालिका अन्त्रगत रहेका सामुदायिक विधालयहरुका सबै क्रियाकलापहरुको कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।

· पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।

· कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा सो वमोजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको पाईएन ।

सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको विवरण नरहेको, साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता नरहेको र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

७२ **यातायात खर्च**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा मिति २०७९।०४।०३ मा स्विकृत स्थानीय तह कार्यक्रम संचालन मार्गद्शन २०७९।८० अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लागि यातायात खर्च स्वरुप १२ हजारको दरले भुत्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस पालिकाभित्र जम्मा ६७ जना महिला स्वास्थ्य स्वयंसेविका रहेकोमा १२ हजारको दरले जम्मा रु ८०४००० खर्च लेख्न मिल्ने देखिन्छ । भौ न १७१ मिति २०७९।११।१७ बाट रु ४०२००० र भौ न ३१२ मिति २०८०।०२।२५ बाट रु ४१४००० समेत जम्मा रु ८१६००० यातायात बापत खर्च लेखेकोले बढी खर्च लेखेको सम्बन्धमा कार्यालयले यकिन गरि बढि भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

७३ **बिल भर्पाई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुत्तानी दिन आवश्यक बिल, भरपाई, प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुत्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । भौ.नं.१८६ मिति २०७९।१२।०७ बाट मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत पत्थरदेहिया स्वास्थ्य चौकीलाई भुत्तानी हुन छुटेको रकम जनाई खर्च लेखेकोमा के बापत र कति संख्यामा रकम छुट भएको हो सो बारेमा स्पष्ट कागजात प्रमाण नरहेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु ६६०००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,००० |

७४ **पारिश्रमिक कर**

आयकर ऐन २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना गरी पारीश्रमिक कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिका अन्तरगत कार्यरत विभिन्न कर्मचारी तथा सामुदायिक विलालयमा कार्यरत शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरेको र पारीश्रमिक कर गणना गरी कट्टा गर्नुपर्नेमा गरेको पाइएन । करकट्टी नभएको तपशिल वमोजिमको पारीश्रमिक कर असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम | पद | जम्मा वार्षिक आय | १० प्रतिशत करयोग्य आय | १० प्रतिशत कर रकम रु |
|---|---|---|---|---|
| विमला कुमारी चौधरी | कविराज सातौं | ७०९६८५ | १०९६८५ | १०९६८ |
| | | | | १०९६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९६८ |

७५ **दरबन्दी भन्दा बढी कर्मचारी**

नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्विकृत स्वास्थ्य चौकी तराई र उपत्यका जिल्लाको दरबन्दी तेरिज अनुसार कर्मचारी भर्ना र पदपूर्ति गर्नुपर्दछ । पालिका अन्तर्गत रहेका ४ स्वास्थ्य चौकीमा देहायबमोजिम स्थाई तथा अस्थाई करारमा कर्मचारी नियुत्त गरेको देखिन्छ ।

| पद | श्रेणी र समुह | १ स्वास्थ्य चौकीमा रहने दरबन्दी | ४ स्वास्थ्य चौकीमा रहने दरबन्दी | पदपूर्ती | | बढि संख्या |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | |
| अधिकृत | ६ तह/ हे.ई. | १ | ४ | | | (४) |
| अधिकृत | ६ तह/ क.न. | १ | ४ | | | (४) |
| सहायक | ५ तह/ हे.ई. | २ | ८ | ८ | २ | २ |
| सहायक | ४ तह/ हे.ई. | १ | ४ | ६ | १० | ८ |
| सहायक | ४ तह/ क.न. | १ | ४ | | | |
| ल्याव असिष्टेन्ट | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नहुने | १ | |
| का स | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नहुने | ७ | |

स्वास्थ्य चौकीमा आवश्यक पर्ने विशेषज्ञ माथिल्लो पदको दरबन्दी पदपूर्ति शून्य राखि तल्लो तहमा आवश्यकता भन्दा बढि कर्मचारी नियुक्त गरेको देखिन्छ । यसरी तल्लो तहमा मात्र बढि संख्यामा स्वास्थ्यकर्मी भर्ना गरि माथिल्लो तह खालि राख्दा अपेक्षाकृत र गुणस्तरिय सेवा प्रवाहमा कठिनाई देखिने हुँदा सामान्य प्रशासन मन्त्रालयद्वारा स्विकृत दरबन्दी तेरिज अनुसार पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **औषधी तथा स्वास्थ्य सामाग्री वितरणको अवस्था :**

कार्यालयलाई प्राप्त रकमबाट औषधी तथा स्वास्थ्य सामाग्री खरिद गर्दा बार्षिक अनुमान समेत तयार गरि सोही आधारमा खरिद तथा वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरेको देखिएन, खरिद गरेर PAMS मा Entry गरिएका औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च गरेको देखिएन । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरि औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च स्पष्ट रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्विकृत सफ्टवेयर ELMIS मा अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **नबप्रवर्तन साझेदारी कार्यक्रम**

७७.१ पालिकाभित्र रहेका पाँच वटा पोखरीहरु वडा नं.२ को मुर्दहवा ताल, वडा नं.५ का सनेही ताल र सिसवा ताल, वडा नं.६ को बद्धौर ताल तथा वडा नं. ७ को गणेशपुर काललाई स्थानीय समुदायको सहभागितामा मर्मत सम्भार तथा सौन्दर्यीकरण गरि पर्यटकिय हिसाबले आकर्षण बढाउने,पोखरीको वरिपरिको क्षेत्रलाई आर्थिक बिकासका लागि बहुउपयोगमा ल्याउने र पोखरी वरिपरिको क्षेत्रमा बसोबास गर्ने परिवारका सदस्यहरुलाई सिप तथा प्रबिधि सहित आयमूलक व्यवसाय संचालन गर्न सहजिकरण गर्ने उद्धेश्यले लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय र बिजयनगर गाउपालिकाबिच देहायका बिभिन्न शिर्षकहरुमा लागत सहभागिता गर्ने गरि नबप्रवर्तन साझेदारी कार्यक्रम गर्न मिति २०७९।१०।२४ गते सम्झौता भएको पाइयो । सम्झौताको अनुसूची २ (क) मा बिभिन्न शिर्षकहरुमा लागत सहभागिता व्यहोर्ने रकम समाबेश गरि आयोजनाको बजेट खर्चको बाँडफाँट गरेकोमा पालिकाले सोहि अनुसार पृथक पृथक रुपमा कार्यक्रम संचालन नगरि बिभिन्न कार्यक्रम एकमुष्ट रुपमा गरेको कारण देहायमा उल्लेख गरिएको अनुसूचीमा उल्लेख भएको शिर्षकहरुको सिमाभित्र कार्यक्रम भए नभएको र उल्लेखित पोखरीहरु मध्ये पालिकाले उपलब्ध गराएको बिबरण अनुसार वडा नं. ७ को गणेशपुर ताल पालिका अन्तर्गत सार्वजनिक तालको अभिलेखमा नदेखिएको हुदाँ उक्त तालमा भएको कुल खर्च रु.२९६०७९१।०० लगानि सम्बन्धमा यकिन हुन सकिएन । यस कार्यक्रम आर्थिक वर्षको मध्य समयमा सम्झौता भएकोमा पालिकाले कार्यक्रम आर्थिक

वर्षको अन्त्य आषाढ महिनामा गरेको कारण कार्यक्रमहरु संचालन गर्दा प्रचलित कानूनको पूर्ण पालना गरेको समेत देखिएन । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

**कार्यक्रमको अनुगमन,सार्वजनिक सुनुवाइ र सार्वनजिक परिक्षण सम्बन्धमा:**– पालिकाभित्र रहेका पाँच वटा पोखरीहरु वडा नं.२ को मुर्दहवा ताल, वडा नं.५ का सनेही ताल र सिसवा ताल, वडा नं.६ को बद्धौर ताल तथा वडा नं. ७ को गणेशपुर काललाई स्थानीय समुदायको सहभागितामा मर्मत सम्भार तथा सौन्दर्यीकरण गर्न लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय र बिजयनगर गाउपालिकाबिच बिभिन्न शिर्षकहरुमा लागत सहभागिता गर्ने गरि नबप्रवर्तन साझेदारी कार्यक्रम गर्ने गरि मिति २०७९।१०।२४ गते सम्झौता भएको पाइयो । उक्त सम्झौतामा बिभिन्न कृयाकलापहरु संचालन गर्नुपर्ने र संचालित कार्यक्रमहरु कार्यान्वियनको चरणमा,कार्यक्रम सम्पन्न पश्चात र कार्यक्रम सम्पन्न भएको निश्चित अवधि पछि संचालित कार्यक्रमबाट पोखरि वरिपरि बसोबास गर्ने बिभिन्न समुदायका लाभग्राहिहरुको जिनवस्तरमा सुधार,व्यवसायिक रुपमा माछापालन तथा घोगीपालन संचालन गरे वा नगरेको आदि सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय,गाउँपालिका र सम्बन्धित निकायबाट अनुगमन गर्नुपर्ने,सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक परिक्षण गराउने प्राबधान राखि बजेट ब्यवस्था समेत गरेकोमा सम्बन्धित निकायबाट अनुगमन गरेको,सार्वजनिक सुनुवाई गरेको र सार्वजनिक परिक्षण गरेको प्रतिबेदन पेश नभएको कारण संचालित कार्यक्रमको प्रभावकारिताको यकिन गर्न सकिएन ।

**(विस्तृत विवरण बेरूजु दफा ७७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

७७.२ नबप्रवर्तन साझेदारी कार्यक्रम संचालन गर्न लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय र बिजयनगर गाउपालिकाबिच मिति २०७९।१०।२४ गते सम्झौताको शर्त नं.२० मा यस सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानून अनुसार हुनेछन भन्ने उल्ले भएको हुनाले कार्यक्रम संचालन गर्दा सम्बन्धित नमर्स,ऐन तथा नियमावलिको अधिनमा रहि गर्नुपर्ने देखिन्छ । इन्द्रेणी ग्रामिण विकास केन्द्रबाट विभिन्न ५ स्थानमा २० जनाको एक समूह १०० जना ३ दिने माछापालन सम्बन्धि तालिम दिनको लागि प्रति तालिम रु.१३००००।०० मा मू.अ.कर रु.१६९००।०० गरि जम्मा रु.१४६९००।०० को दरले ५ वटा तालिमको रु.७३४५००।०० मा भुक्तानि दिनुपर्नेमा प्रति तालिम रु.१३००००।०० मा मू.अ.कर रु.१९५००।०० गरि जम्मा रु.१४९५००।०० को दरले गो.भौ.नं.२०।२०८०।३।५ बाट रु.७४७३६५।०० भुक्तानि दिएकोले बढि भुक्तानि भएको रु.१२८६५।०० असुल गरि प्रदेश संचितकोषमा दाखिला हुनुपर्ने रु................

| असुल गर्नुपर्ने | १२,८६५ |
|---|---|

७७.३ नबप्रवर्तन साझेदारी कार्यक्रम संचालन गर्न लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय र बिजयनगर गाउपालिकाबिच मिति २०७९।१०।२४ गते सम्झौताको शर्त नं.२० मा यस सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानून अनुसार हुनेछन भन्ने उल्ले भएको हुनाले कार्यक्रम संचालन गर्दा सम्बन्धित नमर्स,ऐन तथा नियमावलिको अधिनमा रहि गर्नुपर्ने देखिन्छ । माछा,कुखुरा र घोगीको परिकार बनाउने तालिम होटेल औरारा स्टेशन एण्ड रेष्टुरेन्ट शिवराज वडा नं. १ क.व.मा संचालन गरि तालिम खर्च वापत होटललाइ गो.भौ.नं.२८।२०८०।३।६ बाट रु.५३११००।०० भुक्तानि दिइ सकेको र सो होटलमा संचालन भएको तालिममा सहभागि तथा प्रशिक्षकहरुको कोठा भाडा,खाना,खाजा समेत सम्पूर्ण खर्च होटेललाइ भुक्तानि दिएकोमा कार्यक्रम संयोजक कमला शुक्लाले तालिममा सहभागि र प्रशिक्षकहरुलाइ भत्ता लगायतको खर्च बितरण गरेको जनाइ निजले लिएको पेश्कि रकम गो.भौ.नं.४५।२०८०।३।२२ बाट रु.३७३८२०।०० फछ्यौंट गरेकोमा नमर्स अनुसार सहभागि र प्रशिक्षकलाइ बास बस्ने,खाना,दैनिक यातायातको व्यवस्था गरि भुक्तानि तथा खर्च लेखांकन गरेकोमा सहभागिलाइ दैनिक भत्ता वापत कर कट्टा गरि रु.५३५५०।००, र प्रशिक्षकलाइ प्रशिक्षण भत्ता वापत रु.४१७००।०० भुक्तानि भएकोमा दोहोरो हुने गरि नमर्समा नभएको प्रशिक्षक प्रस्तुति वापत रु.१६०००।०० र होटेलमा लजिङ्ग सहितको व्यवसायिक तालिम संचालन गरेको र तालिम सामाग्रि वापत एकमुष्ट होटेलको बिल बमोजिमको रकम भुक्तानि दिइ सकेकोमा अन्य उपस्थितिको लागि खाजा तथा किचन भाडा वापत रु.८५०५०।०० भुक्तानि दिन मिल्ने देखिदैन । यसरि एउटै तालिम संचालनको लागि गैर सरकारी संस्था र कर्मचारी मार्फत संचालन गर्दा दोहोरो खर्च हुने तथा कर्मचारीले बजेट व्यवस्था भए अनुसार कार्यक्रमको लागि धेरै पेश्कि लिएको कारण पेश्कि फछ्यौंट गर्दा बचत रकम फिर्ता

नगरि बिल भरपाइ पुर्याइ फछ्र्यौट गरेको कारण नमर्समा नभएको तथा नमर्समा भएको भन्दा बढि खर्च तथा भुक्तानि हुन गएको पाइएको हुनाले सहभागिलाइ दैनिक भत्ता वापत कर कट्टा गरि रु.५३५५०।००, र नमर्समा नभएको प्रशिक्षक प्रस्तुति वापत रु.१६०००।०० र होटेलमा लजिङ्ग सहितको व्यवसायिक तालिम संचालन गरेको र तालिम सामाग्रि वापत एकमुष्ट होटेलको बिल बमोजिमको रकम भुक्तानि दिइ सकेकोमा अन्य उपस्थितिको लागि खाजा तथा किचन भाडा वापत रु.८५०५०।०० गरि जम्मा रु.१५४६००।०० भुक्तानि दिन मिल्ने नदेखिएकोले असुल गरि प्रदेश संचित कोषमा दाखिला हुनुपर्ने रु.................................

| असुल गर्नुपर्ने | १,५४,६०० |
|---|---|

७७.४ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने,१० लाख भन्दा बढि रु.२० लाखसम्म सिलबन्दि दरभाउपत्रबाट र सो भन्दा बढि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । कार्यालयबाट यस वर्ष संचालन गरेका नबप्रवर्तन साझेदारी अन्तर्गतका देहायका कार्यक्रमहरुमा नियममा भए अनुसार प्याकेज तयार गरि खरिद गर्नुपर्नेमा सो नगरि सिधैं खरिद गरेको देखिएको हुनाले यस प्रकारको कामलाइ नियमसम्मत मान्न सकिएन । खरिद भएको बिउँ,चल्ला,माछाको भुरा,दाना लगायत खरिद गरि लाभग्राहिहरुलाइ बितरण गरेको भरपाइ पेश गरेकोमा सामाग्रि बुझिलिने व्यक्तिरु सम्बन्धित समूहको सदस्यहरु भए नभएको नखुल्ने, भरपाईमा वितरण मिति,सम्पर्क नम्वर नखुलाएको, जिन्सी दाखिला मसलन्द बाहेक अन्यको PAMS मा दाखिला समेत देखिएन । यसरि नियममा भएको प्रावधान बिपरित देहाय अनुसार रु.७१९२६२३।०० लागत अनुमान तयार नगरि तथा प्रतिस्पर्धा बिना सिधैं खरिद गर्ने गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७७.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

७७.५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्शको लागत अनुमान तयार गर्दा एउटै प्याकेजमा हुने भए प्याकेज बनाइ सम्बन्धित मन्त्रालयले तयार गरेको नमर्स,सोहि प्रकृतिको परामर्शको काम गत बिगत वर्ष गरेको भए लागेको वास्तबिक लागतको आधारमा लागत अनुमान तयार गरि नियम ७० बमोजिम परामर्श सेवा खरिद गर्न परामर्श सेवा दिन इच्छुक पर्म वा ब्यक्तिबाट सो सम्बन्धी आशय पत्र माग गरि परामर्शको काम गराउनुपर्ने व्यवस्था रहेको छ । नबप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत देहायको परामर्शको काम लागत अनुमान तयार नगरि ३ वटा कोटेशन माग गरि परामर्शको काम गराएको देखिएकोले नियममा भएको प्राबधानको पालना भएको नदेखिएकोले यसमा सुधार हुनुपर्दछ । सम्बन्धित निकायबाट स्विकृत नमर्स अनुसार लागत अनुमान तयार नगरि परामर्श कार्य गराएकोले पाँच वटा पोखरीको डि पि आर गर्नको लागि बिनियोजित बजेट रु.८५००००।०० गरेकोमा रु.९४३९४०।०० भन्दा रु.९३५५०।०० बढि खर्च तथा भुक्तानि भइ कुल रु.९४३५५०।०० भुक्तानि भएको हुदाँ पालिकाले नमर्स भन्दा बढि भुक्तानि भएको रकम यकिन गरि सम्बन्धितबाट असुल उपर गर्नुपर्ने एवम बजेट भन्दा बढि खर्च भएको रकम रु.९३५५०।०० नियमसम्मत नभएको रु....

**(विस्तृत विवरण बेरूजु दफा ७७.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| अनियमित भएको | ९३,५५० |
|---|---|

७७.६ पालिकामा नबप्रवर्तन साझेदारी कार्यक्रम संचालन गर्न लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय र बिजयनगर गाउपालिकाबिच मिति २०७९।१०।२४ गते सम्झौता भएकोमा सो सम्झौताका शर्तमा कार्यक्रम तथा तालिम संचालन गर्न कार्यबिधि र नमर्स बनाइ गर्नुपर्ने उल्लेख नभएको, सम्झौताको शर्त नं.४ मा यस कार्यक्रम संचालन गर्न पालिकाको स्विकृत खरिद योजनामा समावेश गरेर खरिद गर्नुपर्ने र शर्त नं.२० मा यस सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानून अनुसार हुनेछन भन्ने उल्ले भएको हुनाले कार्यक्रम संचालन गर्दा खरिद तथा निर्माणको काम गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको बिधि र प्रकृया अपनाउनुपर्ने तथा तालिम कार्यक्रम प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ र बिजयनगर गाउँपालिकाको सार्वजनिक खर्च सम्बन्धी मापदण्ड,२०७९ मा रहेको नर्मसलाइ आधार लिइ मितव्ययि रुपमा संचालन गर्नुपर्ने देखिन्छ । सम्झौताको अनुसूचीमा बजेट बाँडफाँड अनुसारको खर्चको बित्तिय तथा भौतिक प्रगति तयार नगरेको, यस कार्यक्रमको लागि एक जना संयोजक सहित ३ जना कर्मचारीहरु नियुक्ति गरेको भएता पनि धेरै तालिम गैर सरकारी संस्थाहरुबाट गराएको,केही तालिम गैर सरकारी संस्था र कर्मचारीले पेश्कि लिई

संचालन गरेकोले खर्चमा एकरुपता एवम मितव्ययि हुन नसकेको,बिउँपूजि वापत बिउ खरिद तथा प्रबिधि हस्तान्त्रण अनुसूचिमा व्यवस्था गरे अनुसार पृथक पृथक रुपमा नगरि बिभिन्न कार्यक्रम एकमुष्ट रुपमा गरेको कारण कुनै कार्यक्रम संचालन नभएको वा एउटा कार्यक्रममा बचत रकम अन्य कार्यक्रममा खर्च हुन सक्ने, बिउँ औजार र निर्माण सामाग्रि खरिद गर्दा प्रतिस्पर्धाबाट खरिद नगरि सिधैं कोटेशनबाट खरिद गरि मितव्ययिता नअपनाएको,खरिद गरिएका सामाग्रिहरु पाम्स जिन्सि दाखिला नगरि म्यानुअलि जिन्सि दाखिला गरेको, यस कार्यक्रम संचालनाको लागि प्रशासनिक तथा व्यवस्थापकिय रुपमा पालिकाको मुख्य दर्ता तथा चलानि शाखाबाट नगरि नबप्रवर्द्धन शाखागत रुपमा संचालन गरेको कारण आन्तरिक नियन्त्रण प्रभावकारी देखिएन।

साथै मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय र बिजयनगर गाउपालिकाबिच भएको सम्झौताको शर्त अनुसार तालिम कार्यक्रम तालिम कार्यक्रम संचालन गर्न बिजयनगर गाउँपालिकाको सार्वजनिक खर्च सम्बन्धी मापदण्ड,२०७९ बिद्यमान रहेको हुनाले सोहि कार्यबिधि वा प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ मा रहेको नर्मसलाइ आधार लिइ मितव्ययि रुपमा संचालन गर्नुपर्नेमा उल्लेखित नर्मसमा भन्दा बढि दररेट समाबेश गरि पोखरि व्यवस्थापन तथा संचालन कार्यबिधि,२०७९ तयार गरि राजपत्रमा प्रकाशित नभएको नमर्सको आधारमा उक्त कार्यक्रम संचालन भएको पाइयो । पालिकाबाट प्राप्त बिबरण अनुसार तालिममा रु.३०४८२८३।०० खर्चको सम्बन्धमा बिद्यमान नमर्स भन्दा फरक गरि संचालन गरेको हुदाँ पालिकाले यकिन गरि स्विकृत नमर्स भन्दा बढि खर्च भएको असुल उपर गरि प्रदेश संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ । नबप्रवर्द्धन कार्यक्रममा भएको कुल खर्च रु.१३५९००००।०० मा पालिकाले सो पुष्टि हुने अनुसूचिमा उल्लेख गरिए अनुसारको शिर्षक अनुसार अभिलेख राखेको पाइएन । पालिकाबाट प्राप्त पोखरीवाइज खर्चको बिबरण देहाय अनुसार रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७७.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

७७.७ सार्वजनिक खरिद नियमावली,2064 को नियम 10 अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान बनाइ यसै नियमावलि अनुसार खरिद बिधि छनौट गरि खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । नबप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत तरकारी खेतिको लागि टनेल निर्माण गरि कार्यक्रम संयोजक कमला शुक्ला मार्फत गो.भौ.नं.४९।२०८०।३।२२ बाट रु.२९७९००।०० खर्च लेखांकन गरेको मध्ये १३५ वटा बाँस प्रति बाँस रु.७००।०० को दरले रु.९४५००।०० को खरिद गरि सोधभर्ना मार्फत भुक्तानि दिएकोमा बाँसको कपिलबस्तुको जिल्ला दररेट अनुसार प्रति बाँस रु.४००।०० रहेकोले प्रति बास रु.३००।०० को दरले बढि भुक्तानि भएको रु.४०५००।०० सम्बन्धितबाट असुल गरि प्रदेश संचित कोषमा दाखिला हुनुपर्ने रु..................................

| असुल गर्नुपर्ने | ४०,५०० |
|---|---|

७७.८ सार्वजनिक खरिद नियमावलि,२०६४ को नियममा सार्वजनिक निकायले अमानतबाट काम गराउदाँ एक तह माथिको अधिकारीको पूर्व स्विकृति लिनुपर्ने, निर्माण सामाग्रि नियमावलीको प्रकृया बमोजिम खरिद गर्नुपर्ने र अमानतबाट निर्माण काम गर्नु परेमा एक लाख रुपैयामा नबढाइ खण्ड खण्ड गरि बार्ताबाट गराउनुपर्ने व्यवस्था रहेको छ । नबप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत टनेल निर्माण तथा बिरुवा रोपण काम देहाय अनुसार गरेकोमा नियमावलि अनुसार एक तह माथिको पूर्व स्विकृति नलिइ गरेकोले नियमसम्मत नभएको रु.................

**(विस्तृत विवरण बेरूजु दफा ७७.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| अनियमित भएको | ६,१३,८९६ |
|---|---|

७७.९ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ तथा नियमावली,२०६४ को नियम ९९ मा जनचेतना सम्बन्धि तालिम,अभिमूखिकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छरितो,प्रभावकारी र मितव्ययि हुने भएमा त्यस्तो कामको आवाश्यकता,किसिम,कामको गुणस्तर,जनशक्ति,कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरि रु.१० लाख भन्दा बढि लागत अनुमान भएको कम्तीमा १५ दिनको अवधि दिइ राष्ट्रियस्तरको समाचारपत्रमा खुला रुपमा आशयपत्र माग गरि कार्यक्षेत्रगत शर्त पूरा भएका प्रस्ताबदाताबाट गराउन सकिने, गैर सरकारी संस्थाबाट गराउदा मितव्ययि हुने तथा गैर सरकारी संस्थाबाट तालिम

कार्यक्रम संचालन गर्न प्याकेज बनाइ गराउन सकिने र कार्यालयमा जनशक्ति नभएमा वा जनशक्तिबाट सम्पन्न गर्न नसकिने भएमा मात्र गैर सरकारी संस्थाबाट गराउन सकिने प्रावधान रहेको पाइयो । पालिकाले नबप्रवर्तन साझेदारी कार्यक्रम संचालन गर्न लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय र बिजयनगर गाउपालिकाबिच मिति २०७९।१०।२४ गते सम्झौता भएको र सो कार्यक्रम संचालन गर्न ३ जना कर्मचारि नियुक्त भएको एवम पालिकामा अन्य कर्मचारीहरु समेत कार्यरत रहेको अबस्थामा तालिम संचालनको लागि पालिकामा बिद्यमान रहेको कार्यबिधि अनुसरण नगरि कार्यबिधि बनाइ स्विकृत तथा राजपत्रमा प्रकाशित नभएको नमर्सको आधारमा नियममा भएको प्राबधान बिपरित देहाय अनुसार गैर सरकारी संस्थाबाट तालिम संचालन गरेको तथा ति संस्थाले संचालन गरेको तालिममा सम्बन्धित क्षेत्र र लक्षित वर्गका जनताहरुलाइ तालिम दिएको हो भन्ने पुष्टि हुने प्रमाण तथा खर्चको सम्पूर्ण बिल भरपाइ पेश नगरि संस्थाको बिजकको आधारमा साथै ति संस्थाहरुले समेत आफ्नो संस्था बाहेकका ब्यक्ति वा संस्थासँग सम्झौता गरि तालिम गराएको देखिएकोले गैर सरकारी संसथाहरु मध्यस्ताकर्ताको रुपमा मात्र काम गरेको देखिएको कारण संस्था मार्फत तालिम गराइ भुक्तानि दिएको रु.२४२५७५६।०० नियमसम्मत नभएको रु...................

**(विस्तृत विवरण बेरूजु दफा ७७.९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | २४,२५,७५६ |

७७.१० नबप्रवर्तन साझेदारी कार्यक्रम संचालन गर्न लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालय र बिजयनगर गाउपालिकाबिच मिति २०७९।१०।२४ गते सम्झौताको शर्त नं.२० मा यस सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानून अनुसार हुनेछन भन्ने उल्ले भएको हुनाले कार्यक्रम संचालन गर्दा सम्बन्धित नमर्स,ऐन तथा नियमावलिको अधिनमा रहि गर्नुपर्ने देखिन्छ । सम्झौता अनुसार माछा,कुखुरा र घोगीको परिकार बनाउने तालिमको लागि गर्नुपर्ने तालिमसँग अस्बन्धित गैर सरकारी संस्था इन्द्रेणी ग्रामिण विकास केन्द्र मार्फत संचालन गर्न दिएको प्रचलित कानून अनुसार मिल्ने देखिएन । तालिम होटेल औरारा स्टेशन एण्ड रेष्टुरेन्ट शिवराज वडा नं. १ क.व.मा मिति २०८०।२।२५ देखि २०८०।२।२७ सम्मको खर्च भएको बिल रकम (होटेलको बिजक मिति २०८०२।२९ अनुसार) रु.२६५५५०।०० को बिजक समेत गैर सरकारी संस्थाले पालिकामा पेश गरि गो.भौ.नं.३५।२०८०।३।१३ बाट रु. ४४४३९०।०० संस्थालाइ भुक्तानि दिएको देखिएकोले उक्त संस्थाले तालिममा बास्तबिक रुपमा भएको खर्च रु.२६५५५०।०० भएकोमा सो भन्दा रु.१७८८४०।०० संस्थालाइ बढि भुक्तानि दिएकोले पुष्ट्याइ सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७८,८४० |

७८ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.९२ देखि ६२.०४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७९ **प्रतिस्पर्धा बिना खरिद**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने,१० लाख भन्दा बढि रु.२० लाखसम्म सिलबन्दि दरभाउपत्रबाट र सो भन्दा बढि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । प्रबिधिमैत्री पूर्वाधार क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच समाबेशिकरण र गुणस्तर सुधार कार्यक्रमको लागि रु. ५० लाख बजेट बिनियोजन भए अनुसार बिद्यालयहरुमा कार्पेट जडान र फर्निसिङ्गमा देहाय अनुसार खर्च गरेकोमा नियममा व्यवस्था भए अनुसार प्याकेज बनाइ प्रतिस्पर्धाको माध्यमबाट खरिद नगरि सिधैं खरिद गरेको तथा फर्निचरहरुको खरिदमा ढुवानिमा समेत खर्च गरेकोले पालिकाले खर्चमा मितव्ययिता रुपमा खरदि नगरि खर्च गरेको कारण नियमसम्मत नदेखिएको हुनाले पालिकाले यस प्रकारको खरिदमा सुधार गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| |
|---|
| सैद्धान्तिक बेरुजु |

### ८० नबप्रवर्तन साझेदारी कार्यक्रम

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समाबेश भएमा खर्च गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले बिबिध खर्च खातामा रहेको गत वर्ष एम्बुलेन्स खरिद नभइ बचत रहि यस आर्थिक वर्षमा जिम्मेवारी सरि आएको रु.११९४४५८।०० बाट कार्यक्रम स्विकृत बिना बरबिक मेडिसिन सप्लायर्स प्रा.लि.तानसेन पाल्पाबाट मिति २०८०।३।१४ गते औषधि खरिद गरि गो.भौ.नं.२।२०८०।३।२५ बाट रु.९८८०००।०० भुक्तानि दिएको नियमसम्म नभएको रु.........................

| | |
|---|---|
| अनियमित भएको | ९,८८,००० |

### ८१ झोलुङ्गे पुल निर्माणको नगरपालिकाको अंश नब्यहोरेको

झोलुङ्गे पुल जडानको काम उपभोक्ता समिति र पालिका बिच पुल जडानको काम गर्न लागत अनुमान अनुमान रकमको उपभोक्ता समितिले २ प्रतिशत,नगरपालिकाले १३ प्रतिशत र संघिय सरकारबाट ८५ प्रतिशत व्यहोर्ने गरि उपभोक्ता समितिसँग मिति २०७८।१०।११ मा सम्झौता गरेको पाइयो । नौडिहवा गोवरहवाघाट झोलुङ्गे पुल जडानको काम उपभोक्ता समितिले गर्ने र सामानहरुको खरिद पालिकाबाट गत वर्ष एस.के. ईन्जिनियरिङ्ग बुटवलबाट रु.२२०८०४९।०० को खरिद गरि भुक्तानि दिन बाँकि रु.१५७००३४।०० यस वर्ष भुक्तानि दिएको पाइयो । भुक्तानि दिन बाँकि दायित्व कार्यापालिका तथा नगरसभाबाट स्विकृत नगरि लेखा र कार्यालय प्रमुखबाट मात्र प्रमाणित गरिएको कारण बजेट ब्यवस्था एवम स्विकृत कच्चाबारी बेगर गत वर्षको भुक्तानि दिएको नियमसम्मत देखिएन । झोलुङ्गे पुल जडानको काम गरि गत बिगतमा रु.१७८९९३४।०० को प्राबिधिक मूल्यांकन भइ सकेको र यस वर्ष दोश्रो र तेश्रो तथा अन्तिम बिल वापत रु.३३४५८४२।०० को प्राबिधिक मूल्यांकन भइ संघिय सरकारको पूँजिगत शिर्षकको गो.भौ.नं.१५।२०७९।९।२४ बाट रु.१४४४३६९।००, गो.भौ.नं.६८।२०८०।३।२३ बाट रु.३१२५४६।०० भुक्तानि भई बाँकि रकम रु.१५८८९२७।०० आर्थिक वर्ष २०८०।८१ को लागि भुक्तानि बाँकिको कच्चाबारी अनुसार दायित्व बाँकिमा राखेको कारण सम्झौता तथा लागत अनुमा अनुसार गाउँपालिकाको बजेटबाट व्यहोर्नुपर्ने १३ प्रतिशतले हुने रु.४३४९५९।०० समेत संघिय बजेटबाट भुक्तानि भएको हुदाँ भुक्तानि बाँकि रकम मध्ये सो रकम नगरपालिकाबाट व्यहोरेको प्रमाण पेश हुनुपर्ने अन्यथा संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.......................

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३४,९५९ |

### ८२ पक्कि शौचालय निर्माण र कार्यसम्पादन जमानत सम्बन्धमा

कार्यसम्पादन जमानत सम्बन्धमा: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० उपनियम १ बमोजिम स्विकृत भएको बोलपत्रदाताले तोकिएको ढाँचामा वाणिज्य बैंकबाट जारि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । तर ठेक्का नं. ९।०७९।८०, गाउँपालिकाको बिभिन्न व्यक्तिहरुको पक्कि शौचालय निर्माणको काम गर्ने बिभु निर्माण सेवा ललितपुरले गरिमा बिकास बैंक लिमिटेडबाट जारि भएको कार्यसम्पादन जमानत रु.१२४३०००।०० को आधारमा रु.७८३०२९६।०० मा मिति २०७९।१०।१२ गते सम्झौता गरेको देखिएकोले बिकास बैंकबाट जारि भएको कार्यसम्पादन जमानतको आधारमा सम्झौता गरेको नियमसम्मत नदेखिएकोले सुधार गर्नुपर्दछ ।

सार्वजनिक खरिद ऐन 2063 को दफा 59 मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम 128 अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पन्न जमानी प्राप्त गर्ने र

बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा 63 अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन । तर ठेक्का नं. ९।०७९।८०, गाउँपालिकाको बिभिन्न व्यक्तिहरुको १८४ वटा पक्कि शौचालय निर्माणको काम गर्ने बिभु निर्माण सेवा ललितपुरले मिति २०८०।२।३० सम्म सम्पन्न गर्ने गरि रु.७८३०२९६।०० मा मिति २०७९।१०।१२ गते सम्झौता गरेकोमा सम्झौता गरेकोमा सम्झौतामा सम्पन्न गर्ने म्याद भन्दा २४ दिन ढिलो गरि मिति २०८०।३।२४ मा १५९ वटा शौचालय निर्माणको प्राबिधिक मूल्यांकन गरि गो.भौ.नं. ८२।२०८०।३।२४ बाट रु.५८२२७६४।०० भुक्तानि दिएको र निर्माण व्यवसायीलाइ प्रथम रनिङ्ग बिल वापत भुक्तानि दिएकोमा निर्माण काम सम्पन्न नभएको अवस्थामा पालिकाले कार्यस्विकार प्रतिबेदन जारि गरेको कारण स्पष्ट भएन । निर्माण व्यवसायीले सम्झौतामा तोकिएको समयमा निर्माण काम सम्पन्न नगरेको,म्याद थप नगरेको अवस्थामा निर्माण व्यवसायीलाइ पालिकाले प्रचलित ऐन तथा नियम अनुसार कारवाही नगरेको कारण निर्माण काम अलपत्र पर्न गएको र उद्धेश्य अनुरुप सो बाट प्राप्त हुनु पर्ने सेवा तथा प्रतिफल हासिल भएको पाइएन । उक्त निर्माण व्यवसायीलाइ नियममा व्यवस्था भए बमोजिम कारवाहि गरि निर्माण काम गराउनुपर्ने अन्यथा बाँकी रहेको २५ वटा पक्कि शौचालयको काम निर्माण व्यवसायीको लगानिमा गराइ गरिमा बिकास बैंक लिमिटेडबाट जारि भएको कार्यसम्पादन जमानत रु.१२४३०००।०० फिर्ता प्राप्त गरि संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४३,००० |

८३ **साइकल खरिद र बितरण**

प्रदेश सरकारको पूँजिगतबाट माध्यमिक तहका छात्राहरुलाई साइकल खरिद गरि बितरण गर्ने कार्यक्रमको लागि बिनियोजित बजेट रु.१६७१२००।०० भएको भएतापनि कार्यक्रम छनौट समितिको मिति २०७९।६।२६ को बैठकबाट २८० वटा साइकल खरिद गर्ने निर्यणानुसार ठेक्का नं.१४।०७९।८० बाट प्रतिस्पर्धा गराइ छनौट भएको हाइटेक सिभिल ईन्जिनियरिङ्ग रुपन्देहीबाट मिति २०८०।२।९ गते रु.२०७१९९९।०० को खरिद गरि गो.भौ.नं. १५ र २४।२०८०।३।१७ बाट रु.१६७१२००।०० र संघिय सरकार पूँजिगतको गो.भौ.नं.२५।२०८०।२।३१ बाट रु.४००७९९।०० भुक्तानि भएको पाइयो । खरिद गरिएका २८० साइकल मध्ये देहाय अनुसार ६ वटा बिद्यालयका २५० जना बिद्यार्थिहरुलाइ बितरण गरेको बिबरण प्राप्त भएकोले रु.२२१९९९।०० मूल्यका ३० वटा साइकल बितरण गर्न बाँकि रहेको देखिएकोले यथासिघ्र छनौट भएका छात्राहरुलाइ बितरण गरि भरपाइ पेश हुनुपर्ने रु........

**(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२१,९९९ |

८४ **प्राबिधिक मूल्यांकन र बिल बिजक बिच सामान्जस्यता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने एवम योजनाहरुको कार्यान्वयन गर्दा दर बिश्लषण अनुसार लागत अनुमान तयार गरि सोहि दरबिश्लेषण अनुसार दक्ष तथा अदक्ष ज्यामि ज्याला र निर्माण सामाग्रिहरुको बिल बिजक उपभोक्ता समितिबाट पेश हुनुपर्ने व्यवस्था रहेको छ । यस बर्ष उपभोक्ता समितिहरुबाट निर्माण भएका योजनाहरु नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि योजनाहरुको डण्डि,ईटा लगायत निर्माण काममा प्रयोग हुने मुख्य मुख्य आइटममा प्राबिधिक मूल्यांकनको परिमाण अनुसार आवाश्यक पर्ने निर्माण सामाग्रि खरिद नगरि कम परिमाणमा निर्माण सामाग्रि खरिद गरि प्राबिधिक मूल्यांकनको परिमाणको नर्मस भन्दा बढिको अर्थात नर्मस अनुसार लाग्ने ज्यामि भन्दा बढि ज्यामी लागेको डोर हाजिर तथा रितपूर्बको ढुवानिको बिल बिजक पेश नगरि सामान्य भरपाई पेश गरेको पाइयो । यसरि उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ प्राबिधिक मूल्यांकन अनुसार आवाश्यक पर्ने निर्माण सामाग्रि भन्दा कम परिमाण खरिद गरि काम गरेकोले उपभोक्ता समितिहरुबाट भएको कामको गुणस्तर तोकिएको मापदण्ड तथा नर्म्स अनुसार भएको छ भन्न सकिने आधार देखिएन । तसर्थ उपभोक्ता समितिबाट भएको कामको परिक्षण गरेको मध्ये देहायमा अनुसारका उदाहरणको लागि केहि उपभोक्ता समितिहरुले प्राबिधिक मूल्यांकन अनुसार लाग्ने निर्माण सामाग्रिको परिमाण भन्दा रु.२१३३५३।०० कम परिमाणको निर्माण सामाग्रि खरिद गरि निर्माण काम गराएको र बिल बिजक पेश गरेकोले प्रचलित नर्मस तथा नियम अनुसार नभएको रु

**(विस्तृत विवरण बेरूजु दफा ८४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | २,१३,३५३ |

८५ **उपभोक्ताबाट मू अ कर बिजक पेश नभएकोमा मू अ कर भुक्तानि**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ तथा उपभोक्ता समितिसँग भएको सम्झौतामा उपभोक्ताले खरिदमा पान दर्ता भएकोसँग र रु २० हजार भन्दा बढि रकमको खरिद तथा कारोबार गर्दा मू अ कर दर्ता भएकोसँग गर्नुपर्ने व्यवस्था भएको एवम उपभोक्तालाइ निर्माण सामाग्रिमा मू अ कर समावेश गरि दररेटको आधारमा लागत अनुमान तयार गरेको हुनाले उपभोक्ता समितिहरुले मू अ कर भुक्तानि भएको सामानहरुको अनिवार्य मू अ कर बिजक पेश गर्नुपर्नेमा देहाय अनुसार पान बिल पेश गरेको वा खरिद बिजक नै पेश नगरेकोले मू अ कर वापत भुक्तानि भएको रकम रु.२३४८८।०० असुल हुनुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ८५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,४८८ |

८६ **सुरक्षित नागरिक आवास**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति तथा निर्माण व्यवसायहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा हाल भएको परिमा र रकम,अघिल्लो रनिङ्ग बिलमा भएको परिमाण र रकम तथा हालसम्म भएको कामको परिमाण र रकम एवम लागत अनुमानमा काम गर्नुपर्ने चेनज नं. तथा नापि र प्राबिधिक मूल्यांकनमा काम भएको चेनेज नं समेत खुलाउनुपर्नेमा योजनाहरुको नापि किताब तथा प्राबिधिक मूल्यांकनमा हालको कामको मूल्यांकन मात्र खुलाउने गरेको र चेनेज नं समेत खुलाउने नगरेको कारण ईन्जिनियरिङ्ग नमर्स पालना गरि प्राबिधिक मूल्यांकनमा तथ्याङ्क उल्लेख गर्नु गराउनु पर्दछ । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा साथै निर्माण काम स्विकृत योजना अनुसार सम्बन्धित स्थानमा संचालन भएको यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको प्राबिधिक बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सुरक्षित नागरिक आवास कार्यक्रम: सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि,२०७५ को दफा ७ मा लाभग्राहि समुदायबाट निर्माण काम सम्पन्न पश्चात स्थानिय तहको प्राबिधिकबाट नापजाँच गरि अनूसुचि ३ बमोजिमको ढाँचामा लाभग्राहिको नाम,क्रमसंख्या,सम्झौता सम्बन्धिको आवाश्यक बिबरण तथा नापजाँच गरेको मिति समेत खुल्ने गरि प्रतिबेदन पेश भई स्थानिय तहले प्रमाणित गरेपछि निर्माण सम्पन्न मानिने उल्लेख छ । यस वर्ष पालिकाबाट प्राप्त बिबरण अनुसार संघिय सरकार पूँजिगतमा रु.१६१३१३७५।०० र गाउँपालिका पूँजिगतबाट वडा नं.४ को लागि रु.११८६५००।०० समेत जम्मा रु.१७३१७८७५।०० देहायमा उल्लेख गरे अनुसार खर्च तथा भुक्तानि दिएकोमा कार्यबिधिमा उल्लेख भए अनुसार केहि लाभग्राहिले पेश गर्नुपर्ने सम्पूर्ण कागजात पेश नभएको, केहि लाभग्राहिको सम्पन्न प्रतिबेदनमा खुलाउनुपर्ने बिबरण तथा मिति नखुलाइ सम्पन्न प्रतिबेदन तयार गरेको, अधिकांश लाभग्राहिको सम्पन्न प्रतिबेदनमा प्राबिधिकको नाम तथा दर्जा नखुलेको, यस कार्यक्रमको वडास्तरिय अनुगमन समितिले अनुगमन गरि पेश गरेको भएतापनि पालिकास्तरिय अनुगमन नगरेको, अधिकांश अनुगमन प्रतिबेदनमा दस्तखत मात्र गरि प्रतिबेदनमा व्यहोरा नखुलाएको र एउटै कार्यक्रम पालिकाबाट र वडाबाट समेत संचालन हुदाँ काममा दोहोरोपना हुन सक्ने आदि कारणले सुरक्षित नागरिक आवास कार्यक्रम कार्यबिधि तथा प्रचलित कानून बमोजिम निर्माण सम्पन्न भएको कुरामा यकिन हुन सकिएन । देहाय अनुसार प्रथम किस्ता भुक्तानि भएकोमा निर्माण सम्पन्न नभएका ५ जना लाभग्राहिहरुलाई दिएको रु.१५००००।०० को काम सम्पन्न गरि प्राबिधिक मूल्यांकन पेश हुनुपर्ने रु........................

**(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

८७ **पेश्की कट्टा**

÷आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ बमोजिम सम्झौताको शर्त अनुसार पेश्कि फर्स्यौट गर्नु पर्दछ ।कार्यालयले १५ शैया अस्पताल निर्माण कार्यका निर्माण व्यवसायी श्री बिकोई नवसृजना जे.भि. सँग गरेको सम्झौताको विशेष

शर्त न ५७.३ मा निर्माण कार्यको मोविलाईजेशन पेश्कि वापतको रकम ३० प्रतिशत कार्य प्रगति पश्चात प्रत्येक विल वाट ४० प्रतिशतका दरले कट्टा गर्ने उल्लेख छ । कार्यालयवाट निर्माण व्यवसायीलाई गत बर्ष २ किस्तामा रु ३,२१,५४,२८० पेश्कि उपलब्ध गराई यस बर्ष ७४.५ प्रतिशत कार्य प्रगति सहित छठौ विल सम्म रु 137087789 (मुल्य समायोजन बाहेक) भुक्तानी भएको रु २१६९५७५७ पेश्कि कट्टा गरी बाँकि भुक्तानी दिएको छ ।सम्झौताको शर्त अनुसार हाल सम्म ८९ प्रतिशत अर्थात रु २८६१७३०९ कट्टा गर्नु पर्नेमा रु २१६९५७५७ मात्र(६७.४७ %) कट्टा गरी रु 6921552 घटि पेश्की कट्टा गरि निर्माण व्यवासायिलाई अतिरिक्त लाभ पुगेको देखियो । अत सम्झौताको शर्त विपरित घटि पेश्की कट्टा गरेको अनियमित देखिएको रु

**(विस्तृत विवरण बेरूजु दफा ८७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ६९,२१,५५२ |

## ८८ पुर्वनिर्धारित क्षतिपुर्ती

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण ब्यवसायीको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न गर्न नसकेमा कार्यालयले सम्झौता रकमको बढी १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पुर्व निर्धारित क्षति पुर्ति असुल गर्नु पर्ने ब्यवस्था छ ।कार्यालयवाट ८०।२।३० सम्ममा निर्माण सम्पन्नहुने गरी सडक निर्माण कार्य (ठे न १०।७९।८०) कालागी ई जि निर्माण सेवा सँग रु 19290505 को सम्झौता गरी यस बर्ष कार्यसम्पन्न भएकोमा निर्माण व्यवसायीवाट उक्त कार्य सम्झौता भन्दा १९ दिन ढिलो गरी २०८०।३।१७ मा सम्पन्न भएको तर कार्यालयले ढिलो गरी कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीवाट पुर्वनिर्धारीत क्षतिपुर्ती असुल गरेको छैन । अत सम्बन्धित निर्माण व्यवसायीवाट सम्झौताको शर्त अनुसार पुर्वनिर्धारीत क्षतिपुर्ती असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८३,३५९ |

## ८९ गौरबका आयोजना बिक्री

**गौरवका आयोजना बिशेष बिक्री**:÷संघिय सरकार ढुङ्गा गिट्टी बालुवा उत्खन्न बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को बुदा १२ (१ )बमोजिम ठुला रुपान्तन्तरकारी तथा राष्ट्रिय गौरव तथा प्राथमिकतामा परेका आयोजनाका लागि नदिजन्य पदार्थको अभाव हुन नदिन सम्बन्धित आयोजनामै प्रयोग हुने गरी आयोजनाको शिफारिशमा नियमाअनुसार शुल्क लिई तोकिएको स्थानवाट नदिजन्य पदार्थ संकलनका लागि स्थानियतहहरुले व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यसै गरि उपबुँदा २ ३ र ४ मा स्थानियतहवाट नदिजन्य पदार्थ संकलन गर्दा यस्तो आयोजना सँगको सम्झौता पेश गर्नु पर्ने,आयोजना बाहेक अन्यत्र यस्तो पदार्थ प्रयोग नभएको सुनिश्चित गर्न अनुगमन गर्नु पर्ने व्यवस्था रहेको छ । सोहि व्यवस्था अनूरुप पालिकाले सुख्खा खोला नाकामा हुलाकी आयोजना निर्देशनालयको शिफारिश पत्रका आधारमा हुलाकी आयोजनाका निर्माण व्यवसायी श्री लामा गोल्डेन शिव शक्ति जे भि लाई १३००० घ मि नदिजन्य पदार्थ उपलब्ध गराउने प्रतिवद्दता जनाएको देखिएको छ । तर उक्त निर्माण व्यवसायीवाट सडक डिभिजन कार्यालय शिवपुरमा निर्माण सम्झौता गरेका निर्माण व्यवसायी श्री महेश कश्यप जे.भि. सँग उक्त खोलाको नदिजन्य पदार्थ संकलन सम्बन्धि साझेदारी सम्झौता का आधारमा कार्यालयवाट दुई बटै निर्माण व्यवसायी सँग १३८४१ घ.मि पदार्थका लागी सम्झौता गरेको पाईयो ।

पालिकाले प्रतिस्पर्धाका माध्यमवाट प्रति घ न फिट रु १२.४९ दरले बिक्रि गरेको अवस्थामा आयोजनाका निर्माण व्यवसायीलाई न्यूनतम दर रु ८ मा उपलब्ध गराएको छ ।ढुङ्गा गिट्टी बालुवा उत्खन्न बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को बुदा १२ ले निर्माण सामाग्री अभाव हुन नदिने व्यवस्था गरेको तर खरिद दर सम्बन्धमा पालिकाले नियमाअनुसारको शुल्क लिन सक्ने ब्यवस्था गरेको अवस्थामा आयोजनाका निर्माण व्यवसायीलाई पालिकावाट प्रदेशवाट तोकिएको न्यूनतम दरमा संकलन अनुमति दिएको पाईयो । यसरी निर्माण व्यवसायीले स्थानिय सरकारवाट बिना प्रतिस्पर्धा नदिजन्य पदार्थ खरिद गरेकोमा उक्त परिमाण बराबर आयोजना निर्देशानालयलाई निर्माण व्यवसायीवाट छुट दिएको प्रमाण संलग्न नभएको, संकलन भएको पदार्थ हुलाकि आयोजना निर्देशनालयमा प्रयोग भएको प्रमाण संलग्न गरेको पाईएन । पालिकाको अन्य ठेक्काको प्रतिस्पर्धात्मक दर रु १२.४९ भन्दा रु ४.४९ प्रति घन फिटका दरले संकलन अनुमति दिएकाले प्रतिस्पर्धात्मक दर को तुलनामा पालिकाको आन्तरिक आम्दानी रु २१९८५०४ ले घटी आम्दानी भएको देखिन्छ । नदिजन्य पदार्थको उपलब्धताको अभावमा गौरवमा आयोजनाको निर्माण कार्य प्रभावितहुन नदिन प्रतिस्पर्धामत्मक दरवाट उपलब्ध गराई पालिकाको आय वृद्दी गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **निर्माण कार्यको विमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने व्यवस्था छ । यसै गरी कार्यालयवाट भएका निर्माण सम्झौताको शर्त न मा निर्माण व्यवसायीले निर्माण कार्य,उपकरण तथा कामदारको शुरु सम्झौता देखि त्रुटि सच्याउने अवधिको विमा गर्नु पर्ने र सो वापत कार्यालयवाट भुक्तानी हुने व्यबस्था रहेको छ ।तर कार्यालयले निर्माण गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा विमा नगराएको, र केहीको घटी अवधिको विमा तथा अन्तिम विलको नापजाँच अवधि पछि समेत विमा गरी भुक्तानी गरेको देखियो । अत सम्झौता शर्त विपरित घटी अवधिको विमा गरी सम्झौता बमोजिमको रकम भुक्तानी भएकोले सम्बन्धित निर्माण व्यवसायीवाट असुल गर्नु पर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ९० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | २,९६,२७८ |
|---|---|

९१ **आय ठेक्का**

९१.१ ÷स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले आ व २०७९।८० मा प्राकृतिक स्रोत ढुङ्गा गिट्टि बालुवाको ५ आय ठेक्का सुचना प्रकाशित गरेको मा ५ मध्ये ३०९८० घ मि परिमाणका २ ठेक्का नलागेको भनि आय ठेक्का सम्बन्धि सम्झौता लेखापरीक्षणमा पेश गरेको छैन ।ठेक्का सम्झौता भएका ३ ठेक्का सम्झौतामा उखन्न परीमाण यकिन गर्न घाटगद्दिको व्यवस्था लागु नगरेको , नियमिति प्राविधक मुल्याङ्कन नगरेको तथा तोकिएको समय पश्चात उखन्न परिमाण यकिन गर्न रेखाङ्कन कार्य नभएकोले सम्झौता बमोजिमको परिमाण मात्र उत्खन्न भएको छ भन्ने आधार देखिएन ।पालिकाले नियन्त्रण प्रणालि कायम गरी ठेक्का प्रकृया मार्फत आय असुली गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९१.२ पालिकावाट भएका आय ठेक्काहरुका सम्झौताको शर्त न ३ अनुसार बाँकि किस्ता रकम २०८०।१।३० सम्म बूझाउने र शर्त न ११ अनुसार बैशाख ३० सम्म नबुझाएमा बाकि किस्ता रकममा १० प्रतिशतका दरले व्याज असुल गर्ने उल्लेख भएकोमा सकारकर्ता हरुवाट बैशाख ३० पछि रकम बुझाएको अवस्थामा पालिकाले सम्झौताको शर्त अनुसार ब्याज असुल नगरेकोले निम्नाअनुसारको ब्याज असुल गर्नु पर्ने रु

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ९१.२.१ | शिवगढी NIP निर्माण सेवा | ३,६४४ |
| ९१.२.२ | एन.बि.कन्ट्रक्सन | ३,२४५ |
| ९१.२.३ | बिमू नि.सेवा | ५,९०१ |

**(विस्तृत विवरण बेरूजु दफा ९१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | १२,७९० |
|---|---|

९२ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । उपभोक्ता समितिहरुबाट

गराएको निर्माण कामको सक्कल बिल बिजक पालिकामा पेश गरे पश्चात भुक्तानि दिनुपर्नेमा नक्कल बिल बिजकको आधारमा भुक्तानि दिएको नियमसम्मत देखिएन । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यस सम्बन्धि केहि उदाहरणहरु देहाय बमोजिम रहेका छन ।

नमूना बिद्यालय: शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, बुदाँ नं.१० मा बिद्यालयले आर्थिक वर्ष भित्र तोकिएको काम सम्पन्न गर्नुपर्ने अन्यथा काम सम्पन्न नभइ बजेट फ्रिज भएमा बिद्यालय जवाफदेहि हुने र बुदाँ नं. ११ मा निर्माण कामको नियमित अनुगमन गर्ने तथा आवश्यक प्राबिधिक सहयता उपलब्ध गराउने कार्य सम्बन्धित स्थानिय तहबाट गर्नुपर्ने उल्लेख छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको नमूना बिद्यालय दुधधारी माध्यमिक बिद्यालयलाइ बिद्यालय भवन निर्माण गर्न रु.१०१०००००।०० बजेट व्यवस्था भए अनुसार कन्टिजेन्सि रु.३७१३५०।०० समेत कुल रु.१०१०००००।०० बजेट बराबरको लागत अनुमान तयार गरि बिद्यालयले ठेक्काको माध्यमबाट निर्माण काम गर्न सृजना कन्स्ट्रक्सन बुटबलबाट गराउन रु.८९७५८६८।०० मा सम्झौता भए अनुसार निर्माण कामको प्राबिधिक मूल्यांकन अनुसार रु.८१४७७८७।०० भएकोमा गो.भौ.नं.१०,२३ र ७९।२०८०।३।२४ बाट रु.१००५४८००।०० भुक्तानि तथा निकासा दिएको पाइयो । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० मा नमूना बिद्यालयको निर्माण कामको नियमित अनुगमन गर्ने तथा आवश्यक प्राबिधिक सहयता उपलब्ध गराउने कार्य सम्बन्धित स्थानिय तहबाट गर्नुपर्ने उल्लेख भएकोले कन्टिजेन्सि कट्टा गर्न तथा बिद्यालयलाइ दिन नमिल्नेमा रु.३७१३५०।०० बिद्यालयलाइ दिएको रकम असुल हुनुपर्दछ । लागत अनुमान अनुसारको निर्माण काम प्रतिस्पर्धा भइ रु. ८१४७७८७।०० मा सम्पन्न भएको र बचत रकमबाट बिद्यालयले उपभोक्ता समिति मार्फत रु.८७६९९८।०० को निर्माण खर्च गरेको समायोजन गरि कुल भएको काम रु.९०२४७८५।०० खर्च भएकोमा बिद्यालयलाइ प्राबिधिक मूल्यांकन भन्दा रु.१०३००१५।०० (कन्टिजेन्सि समेत) बढि निकासा भएकोले कन्टिजेन्सि समेत कुल रु.१०३००१५।०० संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु..................

**(विस्तृत विवरण बेरूजु दफा ९२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३०,०१५ |

# अनुगमन लेखापरीक्षण

९३ .

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु १३९७६०००० मध्ये निम्नाअनुसार रु ३२५३९०९९ फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा जानकारी गराइनेछ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत रु २५४६७८२ को सम्परीक्षण गरिएको छ ।

| आर्थिक वर्ष | अनुरोध रकम | बेरुजु प्रकार | अनुरोध विधि |
|---|---|---|---|
| २०७४।७५ | ७८७०३०३ | नियमित | म्यानुअल |
| २०७५।७६ | १७७९३१९१ | नियमित | म्यानुअल |
| २०७६।७७ | ६८७५६०५ | नियमित | म्यानुअल |
| जम्मा | ३२५३९०९९ | | |
| | | | |

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **विजयनगर गाउँपालिका, कपिलवस्तु** को २०७९।८० सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १३९७६०००० | २५४६७८२ | ५४१०८०५८ | ३८२५४२ | १९१७०३८१८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : विजयनगर गाउँपालिका, कपिलवस्तु , विजयनगर गाउँपालिका , कपिलबस्तु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शोभाराम रिजाल | २०७९-६-२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | GOVINDA BHATTARAI | २०७८-४-१ | २०७९-५-२६ |
| लेखा प्रमुख | हिमकान्त आचार्य | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,२६१,९५३ | २६,५८५,८८५ | २४,२६०,२२०.८७ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ५४,१०८,०५८.८७ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १४०,९३० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३०४२५७९३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४११५७७५०० | चालु खर्च | ३०८७२४९७९ |
| प्रदेश सरकारबाट अनुदान | ३१८४८४०२ | पूँजीगत खर्च | २६६८७२३६८ |
| राजश्व बाँडफाँट | ११८८१११९२ | वित्तीय/अन्य व्यवस्था | ३००८०९२३८ |
| आन्तरिक आय | १२७४२०९५ | | |
| अन्य आय | ३०९१३०२९४ | | |
| कुल आय | ८८४१०९४८३ | कुल खर्च | ८७६४०६५८५ |
| बाँकी मौज्दात | | ३८१२८६९१ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | अग्रीम कर कट्टा तथा दाखिला | तालिम र कार्यक्रम खर्च |
| २ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ३ | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ४ | सामाजिक सुरक्षा भत्ता विरतण | सामाजिक सुरक्षा |
| ५ | संघ तथा प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ६ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| ७ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ८ | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| ९ | शिक्षातर्फ | शिक्षा तर्फ |
| १० | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ११ | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| १२ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । | ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| १३ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

**म.ले.प.फा.नं. २७२**

https://sutra.fcgo.gov.np/sutra2/images/nepal-gov-logo.png

**विजयनगर गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु**
**कार्यालयकोकोड : ८०५४९५०३३००**

**वित्तीय प्रतिवेदन**

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

प्राप्तीभुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ६९,२७,१२,१३४.२० | ५८,७९,९७,१९२.०० | | ५८,७९,९७,१९२.०० | ५३,९५,६८,९४४.०१ | | ५३,९५,६८,९४४.०१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ६८,०७,०४,५७१.९४ | ५६,४९,४१,३३४.३१ | ० | ५६,४९,४१,३३४.३१ | ५३,२०,४०,६२३.०१ | ० | ५३,२०,४०,६२३.०१ |
| ११००० कर | ११ | १४,०६,०२,०००.०० | १०,९१,१०,७०८.८६ | ० | १०,९१,१०,७०८.८६ | १०,९८,७८,८५८.७२ | ० | १०,९८,७८,८५८.७२ |
| १३००० अनुदान | | ४५,९५,४६,०००.०० | ४२,५५,४५,४७४.७१ | ० | ४२,५५,४५,४७४.७१ | ४०,३५,५९,२२१.७७ | ० | ४०,३५,५९,२२१.७७ |
| संघीय सरकार | १२ | ४२,३३,३७,०००.०० | ३९,८२,८७,३१०.७१ | ० | ३९,८२,८७,३१०.७१ | ३७,२२,४४,३२६.७७ | ० | ३७,२२,४४,३२६.७७ |
| प्रदेश सरकार | १२ | ३,६२,०९,०००.०० | २,७२,५८,१६४.०० | ० | २,७२,५८,१६४.०० | ३,१३,१४,८९५.०० | ० | ३,१३,१४,८९५.०० |
| १४००० अन्य राजस्व | | ५,०८,५६,५७१.९४ | २,९४,९२,३८८.७४ | ० | २,९४,९२,३८८.७४ | १,५९,५५,१२२.७७ | ० | १,५९,५५,१२२.७७ |
| १५००० विविध प्राप्ति | | १०,००,०००.०० | ७,९२,७६२.०० | ० | ७,९२,७६२.०० | २६,४७,४१९.७५ | ० | २६,४७,४१९.७५ |
| ३२००० वित्तीय सम्पत्ति | | २,८७,००,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,२०,०७,५६२.२६ | २,३०,५५,८५७.६९ | | २,३०,५५,८५७.६९ | ७५,२८,३२१.०० | | ७५,२८,३२१.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,२०,०७,५६२.२६ | ९६,६९,३८९.४४ | ० | ९६,६९,३८९.४४ | १४,४५,७५०.०० | ० | १४,४५,७५०.०० |
| धरौटी | | ० | १,३३,८६,४६८.२५ | ० | १,३३,८६,४६८.२५ | ६०,८२,५७१.०० | ० | ६०,८२,५७१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६९,२७,१२,१३४.२० | ५९,४०,७६,६२९.२२ | | ५९,४०,७६,६२९.२२ | ५४,१२,५२,२९८.६२ | | ५४,१२,५२,२९८.६२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६८,०७,०४,५७१.९४ | ५७,५५,९७,३४७.५३ | | ५७,५५,९७,३४७.५३ | ५३,६१,२५,७८८.६२ | | ५३,६१,२५,७८८.६२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११,२३,८३,५००.०० | १०,८७,५७,४१०.४७ | ० | १०,८७,५७,४१०.४७ | १२,१५,८१,९१८.४९ | ० | १२,१५,८१,९१८.४९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,३१,३५,३००.०० | १६,०८,२२,७१९.६६ | ० | १६,०८,२२,७१९.६६ | १०,२०,७६,६४१.१६ | ० | १०,२०,७६,६४१.१६ |
| २५००० सहायता (Subsidy) | १८ | ३,३७,०६,०००.०० | ३,१८,१८,६८३.०० | ० | ३,१८,१८,६८३.०० | ५,३१,०३,९७९.९७ | ० | ५,३१,०३,९७९.९७ |
| २६००० अनुदान | १८ | १३,२०,०००.०० | १३,१५,२७९.०० | ० | १३,१५,२७९.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५५,६१,०००.०० | ४६,४०,२७४.०० | ० | ४६,४०,२७४.०० | १,०१,०६,५१८.०० | ० | १,०१,०६,५१८.०० |
| २८००० अन्य खर्च | १८ | २३,००,०००.०० | १३,७०,६१३.०० | ० | १३,७०,६१३.०० | ३१,६९,०५७.०० | ० | ३१,६९,०५७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३४,२२,९८,७७१.९४ | २६,६८,७२,३६८.४० | ० | २६,६८,७२,३६८.४० | २४,६०,८७,६७४.०० | ० | २४,६०,८७,६७४.०० |
| घ. अन्य भूक्तानी | | १,२०,०७,५६२.२६ | १,८४,७९,२८१.६९ | | १,८४,७९,२८१.६९ | ५४,१२,५२,२९८.६२ | | ५४,१२,५२,२९८.६२ |
| कोषहरु | | १,२०,०७,५६२.२६ | १,०६,६६,८८२.४४ | ० | १,०६,६६,८८२.४४ | २९,५८,८८१.०० | ० | २९,५८,८८१.०० |
| धरौटी | | ० | ७८,१२,३९९.२५ | ० | ७८,१२,३९९.२५ | २१,६७,६२९.०० | ० | २१,६७,६२९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -६०,७९,४३७.२२ | | -६०,७९,४३७.२२ | -१६,८३,३५४.६१ | | -१६,८३,३५४.६१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,२९,९६,५७५.२२ | | ५,२९,९६,५७५.२२ | ४,५८,९१,४८२.८९ | | ४,५८,९१,४८२.८९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ४,६९,१७,१३८.०० | | ४,६९,१७,१३८.०० | ४,४२,०८,१२८.२८ | | ४,४२,०८,१२८.२८ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ३,८१,२८,६९१.०६ | | ३,८१,२८,६९१.०६ | ४,४२,०८,१२८.२८ | | ४,४२,०८,१२८.२८ |



https://nams.oag.gov.np

| आयतर्फ | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | सि.नं | विवरण | रकम | |
| १ | गत वर्षको जिम्मेवारी | 30425793.96 | १ | चालु खर्च | 308724979.1 | |
| | क) नगद | 0 | २ | पूँजीगत खर्च | 266872368.4 | |
| | ख) बैंक | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | ० | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | 12742095.66 | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | 118811192 | | ग) अन्य भुक्तानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ४ | लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | 121637500 | | ऋण लगानी | | |
| | ख) सशर्त अनुदान | 238940000 | | शेयर लगानी | | |
| | ग) समपूरक अनुदान | 34000000 | | अन्य लगानी | | |
| | घ) विशेष अनुदान | 17000000 | ५ | धरौटी फिर्ता | 7812399.25 | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६ | जनश्रमदान फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | 7209000 | ७ | कोष खर्च | 10666882.44 | |
| | ख) सशर्त अनुदान | 8000000 | ८ | मौज्दात | ० | |
| | ग) समपुरक अनुदान | 10639402 | | क) बैंक मौज्दात | 19769780.74 | |
| | घ) विशेष अनुदान | 6000000 | | ख) नगद मौज्दात | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ९ | शसर्त अनुदान फिर्ता | 17880427.29 | |
| ६ | अन्य | | १० | गत बर्षको बढी अल्या | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | ११ | जनश्रमदान मौज्दात | | |
| | ख) सडक बोर्ड नेपाल | | १२ | धरौट मौज्दात | 17037288 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग) जिल्ला समन्वय समिति | 7842571.94 | १३ | कोष खाताको मौज्दात | 1321622.32 | |
| | घ) एन एन एस डब्लु ए | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | 11988504.76 | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | सामाजिक सुरक्षा फिर्ता | 574768 | |
| | सामाजिक सुरक्षा | १४४४०८७८० | | सामाजिक सुरक्षा खर्च | 143834011 | |
| | गरिव सँग विश्वेसर | ४६००७४ | | गरिव सँग विश्वेसर खर्च | 460074 | |
| | एकिकृत स्वास्थ १५ शैया | १०४१४२८४२ | | एकिकृत स्वास्थ १५ शैया खर्च | 104142842 | |
| | नवप्रवतन कार्यक्रम | १३४९१६५४ | | नवप्रवतन कार्यक्रम | 13491654 | |
| | भाषा तथा सस्कृति | १९४६१७९ | | भाषा तथा सस्कृति | 1946179 | |
| | एकिकृत स्वास्थ सर्प दंश | ० | | एकिकृत स्वास्थ सर्प दंश | 0 | |
| १० | धरौटी आय | 24849687.25 | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | |
| १२ | अन्य विविध आय | | | | | |
| | जम्मा | ९१४५३५२७६ | | जम्मा | ९१४५३५२७६ | |

## बेरूजु दफा ६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| योजनाको नाम | विधि | समुरक स्रोत र बजेट | पालिका खर्च | संघ/प्रदेश खर्च | कुल खर्च | बढी खर्च |
|---|---|---|---|---|---|---|
| त्रिपालनगर जवाबैराठ सडक कालोपत्रे | ठेक्का/ संघ | २८०००००० | ११७६१५८७ | १४०००००० | २५७६१५८७ | १११९२०६ |
| मिलनचोक अम्लहवा मानपुर सडक कालोपत्रे | ठेक्का/ संघ | ४०००००००० | १०६५०८९९ | २०००००००० | ३०६५०८९९ | ४६७४५५० |
| गणेशपुर ढोडरी खुरुहुरिया प्रेमनगर वडा नं. ७ सडक कालोपत्रे | ठेक्का/ प्रदेश | ५०००००० | ० | ५०००००० | ५०००००० | ५०००००० |
| जनज्योति आ.बि.२ कोठे भवन ठेक्काबाट लागत ५० प्रतिशतको साझेदारिमा गर्ने गरि रु.६० लाख लागत अनुमान गरि गराएकोमा आनुपातिक रुपमा भुक्तानि नगरि संघिय बजेटबाट बढि खर्च लेखेको | ठेक्का/ संघ | संघिय बजेट रु.३० लाख र पालिका रु.३० लाख भएतापनि प्रतिस्पर्धामा घटेको कारण | आ.ब.०८०।८१ लाइ दायित्व सिर्जना गरेको रु.२०२८०३७ | ३०००००० | ५०२८९५२ | ४८५५२४ |
| **जम्मा** | | **७९०००००** | **२२४१२४८६** | **४२०००००** | **६६४४१४३८** | **११२७९२८०** |

## बेरूजु दफा १० सँग सम्बन्धित विवरण - अनुसूची -५

लेखापरीक्षणका क्रममा पुन प्रविष्ठी गरिएका सामाग्री विवरण

| क्र.सं. | जिन्सी वर्गीकरण सङ्केत न. | सामानको नाम | सामानको पहिचान नं | स्पेसिफिकेसन | इकाई | परिमाण | जम्मा परल मूल्य | सुरु प्राप्त मिति | हस्तान्तरण गरिएको मिति | हस्तान्तरण गरिएको शाखा वा सम्बन्धित ब्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६११२२३१ | Colorimeter | ६११२२३१०८४ | | संख्या | १ | १९,४९९.२८ | ११/०६/२०८० | १९/०३/२०८० | यज्ञ प्रसाद अधिकारी स्वास्थ्य शाखा |
| २ | ६११२२२७ | Patient Bed | ६११२२२७०१३ | H. Bed | संख्या | २ | ३४,९९८.३६ | ११/०६/२०८० | | |
| ३ | ६११२२२७ | Examination Bed | ६११२२२७०७५ | Ex. Bed | पिस | १ | १९,४९९.२८ | ११/०६/२०८० | | |
| ४ | ६११२२२७ | Digital THermometer | ६११२२२७००७ | | पिस | ९० | २५,२००.०० | ११/०६/२०८० | | |
| ५ | ६११२२३१ | माइक्रोस्कोप | ६११२२३१००२ | | संख्या | १ | ३१,१९९.३० | ११/०६/२०८० | | |
| ६ | ६११२३११ | र्‍याक | ६११२३११०१९ | | पिस | १ | १९,०००.०० | | 4/27/2080 | |
| ७ | ६११२२२७ | अन्य मेडिकल उपकरण | ६११२२२७०१६ | fetoscope Aluminium Pakistani | संख्या | ८ | २,२४०.०० | २६/११/२०७९ | २०७९।११।१० | |
| ८ | ६११२२२७ | अन्य मेडिकल उपकरण | ६११२२२७०१६ | voltage Stabilizer VM ३०० for electric Appliances | संख्या | १ | ११,०००.०० | २६/११/२०७९ | | |
| ९ | ६११२२२७ | BP SET | ६११२२२७००६ | B P Machine Digital with Adult Cuff KMMEI-३२५ | पिस | १९ | ४५,६००.०० | २६/११/२०७९ | | |
| १० | ६११२२२७ | Digital THermometer | ६११२२२७००७ | Digital with Beeper Auto off १०२७ | पिस | ५० | ७,२५०.०० | २६/११/२०७९ | | |
| ११ | ६११२२२७ | Scale Baby Electric | ६११२२२७१४९ | Weight Scale Mannual Baby Pan type Crown | पिस | १० | २१,०००.०० | २६/११/२०७९ | | |
| १२ | ६११२२२७ | Weight Scale And Height | ६११२२२७०५८ | Bathroom scale Victoria Dx | पिस | २० | ४८,५००.०० | २६/११/२०७९ | | |
| १३ | ६११२२२७ | Fetal Doppler | ६११२२२७०७४ | Hand Held with probe KMMEI-३४८ | पिस | २ | १३,०००.०० | २६/११/२०७९ | | |
| १४ | ६११२२२७ | Suture set | ६११२२२७११३ | suture set kit surgical Instruments KMMEI-४८४ | पिस | ८ | २२,०००.०० | २६/११/२०७९ | | |
| १५ | ६११२२२७ | Stecthescope | ६११२२२७०२५ | stecthoscope Daul Head for Adult KMMEI-४२८ | संख्या | १९ | १०,४५०.०० | २६/११/२०७९ | | |
| १६ | ६११२२२७ | Autoclave Machine | ६११२२२७३५७ | verticale ११*२१ Double Chamber | थान | २ | २९०,०००.०० | २६/११/२०७९ | | |
| १७ | ६११२२२३ | फ्रिज | ६११२२२३००७ | gartgus -२०० modl | पिस | १ | ३०,०००.०० | ०२/१२/२०७९ | १७/१०/२०७९ | |
| १८ | ६११२२२७ | ENT Operating Microscope | ६११२२२७४३७ | microscope binocular BB४२६० | सेट | १ | १७५,०००.०० | ०७/०३/२०८० | | |
| १९ | ६११२२२२ | ल्यापटप | ६११२२२२००२ | dell i५ ११th generation ८ gb Ram २५६ gb Harddisk १४" screen | पिस | १ | ९८,४००.०० | १९/१२/२०७९ | | राम सुन्दर माली कृषि विकास शाखा |
| २० | ६११२२२२ | ल्यापटप | ६११२२२२००२ | dell i५ ११th generation ८ gb Ram २५६ gb Harddisk १४" screen | पिस | १ | ९८,४००.०० | १९/१२/२०७९ | | प्रहलाद ठाकुर पशु सेवा शाखा |
| २१ | ६११२३११ | बाकस | ६११२३११०३७ | आफिस र्याक | संख्या | ३ | ३१,८५७.०० | ०३/०१/२०८० | | |
| २२ | ६११२२२२ | डेस्कटप कम्प्युटर | ६११२२२२००१ | i५ १०th generation ४ gb ram ५०० gb hard disk १९" screen | पिस | १ | ९५,४००.०० | १९/१२/२०७९ | | हरिहर बेलबासे शिक्षा शाखाबाट स्रोत केन्द्र ब्यवस्थापन |
| २३ | ६११२२२२ | प्रिन्टर | ६११२२२२००३ | L२५४० DW ३ in १ | पिस | १ | ४०,०००.०० | १९/१२/२०७९ | | |
| २४ | ६११२३११ | लकर(Locker) | ६११२३११०५८ | मेटल फाईल र्याक | पिस | २ | ६०,६००.०० | ०६/०१/२०८० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | ६११२३११ | कार्पेट | ६११२३११००५ | १.४ mm PVC कारपेट | पिस | ६४ | १०७,५२०.०० | ०६/०१/२०८० | | |
| २६ | ६११२३११ | दराज | ६११२३११००३ | मेटल आफिस दराज | पिस | २ | ६०,३००.०० | ०६/०१/२०८० | | |
| २७ | ६११२३११ | कुर्चि | ६११२३११००२ | मेटल फ्रेम आफिस चियर | पिस | ५ | ३७,२५०.०० | ०६/०१/२०८० | | |
| २८ | ६११२३११ | White Board(ह्वाइट बोर्ड) | ६११२३११०५२ | उडन प्रेम वाईट बोर्ड | पिस | १ | ११,१००.०० | ०६/०१/२०८० | | |
| २९ | ६११२३११ | बाकस | ६११२३११०३७ | मेटल टंकर | संख्या | २ | २०,३००.०० | ०६/०१/२०८० | | |
| ३० | ६११२३११ | टेवुल | ६११२३११००१ | | पिस | ८ | ७६,०००.०० | १५/०१/२०८० | | |
| ३१ | ६११२२२२ | प्रिन्टर | ६११२२२२००३ | lbp२९०० cannon | पिस | १ | २९,५००.०० | २०/१२/२०७९ | | कमला शुक्ला नव प्रबर्द्धन |
| ३२ | ६११२३११ | कार्पेट | ६११२३११००५ | १.४ एम एम पिभिसी | पिस | १४ | १९,७४०.०० | २३/०२/२०८० | | |
| ३३ | ६११२२२२ | प्रिन्टर | ६११२२२२००३ | lbp२९०० cannon | पिस | १ | २९,५००.०० | २०/१२/२०७९ | | नारायण प्रसाद अर्याल पंजिकरण शाखा |
| ३४ | ६११२२२२ | डेस्कटप कम्प्युटर | ६११२२२२००१ | i५ १०th generation ४ gb ram ५०० gb hard disk १९" screen | पिस | १ | ९५,४००.०० | २०/१२/२०७९ | | |
| ३५ | ६११२३११ | टि टेवल | ६११२३११०१३ | | संख्या | १ | ६,५००.०० | १५/०१/२०८० | | वा न ७ वडा कार्यालय वडा सचिव विमल पोख्रेल |
| ३६ | ६११२३११ | कार्पेट | ६११२३११००५ | ग्राफिक्स कार्पेट ईकाई मिटरमा | पिस | २० | ३१,०००.०० | १५/०१/२०८० | | |
| ३७ | ६११२३११ | पर्दा | ६११२३११००४ | | पिस | २४ | ३६,०००.०० | १५/०१/२०८० | | |
| ३८ | ६११२३११ | दराज | ६११२३११००३ | | पिस | १ | १८,०००.०० | १५/०१/२०८० | | |
| ३९ | ६११२३११ | एजुकेटिभ चियर(Executive Chair) | ६११२३११०६४ | director chair | संख्या | १ | २१,५००.०० | १५/०१/२०८० | | |
| ४० | ६११२३११ | वामन चियर(Vaman Chair) | ६११२३११०६६ | Nish Chair cf ११०५ | संख्या | १ | १६,५००.०० | १५/०१/२०८० | | |
| ४१ | ६११२३११ | टेवुल | ६११२३११००१ | आफिस टेबुल | पिस | १ | ४२,५००.०० | २२/०२/२०८० | | |
| ४२ | ६११२३११ | टि टेवल | ६११२३११०१३ | | संख्या | १ | १०,०००.०० | २२/०२/२०८० | | |
| ४३ | ६११२३११ | सोफासेट | ६११२३११००६ | सेटमा | पिस | १ | ६५,०००.०० | २२/०२/२०८० | | |
| ४४ | ६११२२२२ | प्रिन्टर | ६११२२२२००३ | brother T२२० | पिस | १ | ३०,०००.०० | २०८०/२/३१ | | वा न 3 वडा कार्यालय वडा सचिव विमल पोख्रेल |
| ४५ | ६११२२२७ | अन्य मेडिकल उपकरण | ६११२२२७०१६ | stadiometer | संख्या | १ | ६,५००.०० | १५/०१/२०८० | | कु विमला चौधरी आयुबेर्द शाखा |
| ४६ | ६११२२२७ | Stecthescope | ६११२२२७०२५ | | संख्या | २ | १,७००.०० | १५/०१/२०८० | | |
| ४७ | ६११२२२७ | Surgery Instrument Set | ६११२२२७३५० | dressing set | सेट | १ | ४,०००.०० | १५/०१/२०८० | | |
| ४८ | ६११२२२७ | Weight Machine | ६११२२२७००५ | | पिस | २ | ५,०००.०० | १५/०१/२०८० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४९ | ६११२२२७ | BP SET | ६११२२२७००६ | | पिस | २ | ४,५००.०० | १५/०१/२०८० | | |
| ५० | ६११२२२७ | Digital THermometer | ६११२२२७००७ | | पिस | ५ | १,२५०.०० | १५/०१/२०८० | | |
| ५१ | ६११२२२३ | मोटर(पानी तान्ने) | ६११२२२३०७३ | १ H P | संख्या | १ | ६,८५०.०० | २४/०२/२०८० | | |
| ५२ | ६११२२२३ | सिलिङ पंखा | ६११२२२३००२ | | पिस | १ | २,६२५.०० | २४/०२/२०८० | | |
| ५३ | ६११३४१४ | अध्ययन् प्रतिवेदन(Report) | ६११३४१४००१ | prepration of Land use plan and land use classification of Bijaynagar rural municipality | संख्या | १ | १,१४५,०००.०० | ०७/०२/२०८० | | श्री नविन डुम्रे |
| ५४ | ६११२२२२ | प्रिन्टर | ६११२२२२००३ | brother T२२० | पिस | १ | ३०,०००.०० | २०८०/२/३१ | | श्री अनिल सापकोटा लघु उधम विकास शाखा प्रमुख-"-१" |
| ५५ | ६११२२२३ | फ्रिज | ६११२२२३००७ | Ice Lined Refrigerator (HBC-८०) | पिस | १ | ३५३,५३९.८२ | ०१/०३/२०८० | | श्री तिलक बहादुर वाग्ले गुगौली बर्थिङ्ग सेन्टर प्रमुख-"-१" |
| ५६ | ६११२२२३ | अन्य बिद्युतीय उपकरण | ६११२२२३०४७ | Kent supert | संख्या | १ | २८,१६०.४० | ०७/०३/२०८० | | श्री गौतम राय हे अ गणेशपुर बर्थिङ्ग सेन्टर -"-१" |
| ५७ | ६११२३११ | इस्टुल | ६११२३११०२१ | | संख्या | ६ | ९,५५८.०० | ०७/०३/२०८० | | |
| ५८ | ६११२३११ | सोफासेट | ६११२३११००६ | सोफा | पिस | १ | १५,९२९.०० | ०७/०३/२०८० | | |
| ५९ | ६११२३११ | किचेन रयाक/Kitchen rack | ६११२३११०४१ | औषधी रयाक | संख्या | ७ | ६१,९४३.०० | ०७/०३/२०८० | | |
| ६० | ६११२३११ | अन्य फर्निचर | ६११२३११०३१ | फलामको श्री सि | संख्या | १ | १७,०९०.०० | २४/०४/२०८० | | |
| ६१ | ६११२२२७ | अन्य मेडिकल उपकरण | ६११२२२७०१६ | Tube clenat Bars | संख्या | ८ | ५६०. | ०९/०६/२०८० | | |
| ६२ | ६११२२२७ | अन्य मेडिकल उपकरण | ६११२२२७०१६ | UPT KIT | संख्या | ४ | ८,८००.०० | ०९/०६/२०८० | | |
